जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ • अंक १४३ • २०८३ साल आश्विन २४ गते शनिबार (10 October, Saturday, 2026) • पृष्ठ ८ • मूल्य रु. ५।-

## एमाले त्यागेका पूर्वमेयर सरावगीलाई रास्वपामा कारबाहीको माग



अनिल तिवारी

वीरगञ्ज । वीरगञ्ज महानगरपालिकाका पूर्वप्रमुख तथा नेकपा एमालेका निर्वाचित केन्द्रीय सदस्य विजयकुमार सरावगीले पार्टीको साधारण सदस्यसमेत नरहने गरी एमालेसँगको सम्बन्ध त्यागेको घोषणा गरेका छन् ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) मा प्रवेश गरेको दाबीसहितको सदस्यता विवरण सामाजिक सञ्जालमा सार्वजनिक भएपछि सरावगीले बिहीबार एमालेको साधारण सदस्यतासमेत त्यागेको जानकारी दिएका छन् ।

रास्वपाको सदस्यता लिएको दाबी गरिएका विवरणमा सरावगीको सदस्यता परिचयपत्र नम्बरसमेत उल्लेख छ । उक्त विवरण सार्वजनिक भएपछि उनले सामाजिक सञ्जालमार्फत एमालेसँगको सम्पूर्ण सम्बन्ध अन्त्य गरेको घोषणा गरेका छन् ।

पछिल्लो समय एमालेभित्र निस्क्रिय रहँदै आएका सरावगीको आगामी राजनीतिक यात्रा रास्वपासँग जोडिने चर्चा शुरु भएको छ । स्थानीय राजनीतिक वृत्तमा उनी आगामी निर्वाचनमा रास्वपाबाट वीरगञ्ज महानगरपालिकाको प्रमुख पदमा पुनः उम्मेदवारी दिने तयारीमा रहेको अड्कलबाजीसमेत हुन थालेको छ ।

यता रास्वपा प्रवेश गरेका एमाले केन्द्रीय सदस्य सरावगीको सदस्यता खारेजीको माग गर्दै रास्वपा जिल्ला कार्यसमिति पर्साले शुक्रबार केन्द्रीय कार्यालयलाई पत्र लेख्दै पूर्वमेयर सरावगीको सदस्यता खारेजीको माग गरेको छ ।

### साफी हत्या प्रकरणः अभियुक्तकी आमासमेत प्रहरी नियन्त्रणमा

## सामाजिक सञ्जालमा हिंसा र घृणा फैलाएको आरोप

टुडे समाचारदाता

जनकपुरधाम । जनकपुरधाम उपमहानगरपालिका-५ का आमिन साफीको छुरा प्रहार गरी हत्या गरेको आरोपमा पक्राउ परेका टिकटक प्रयोगकर्ता मोहम्मद इर्साद खानविरुद्ध थप दुईवटा ज्यान मार्ने उद्योगका मुद्दा चलिरहेको खुलेको छ ।

सामाजिक सञ्जालमा 'गुण्डा' र 'एमडी इर्साद खान' नामले चर्चित इर्साद ती दुवै मुद्दामा धरौटीमा रिहा भएका थिए । मुद्दाहरू भने हाल विचाराधीन अवस्थामा रहेको बताइएको छ ।

प्राप्त जानकारी अनुसार, २०८२ फागुन ३ गते इर्सादले जनकपुरधाम उपमहानगरपालिका-१४ रजौलका २६ वर्षीय मोहम्मद मुस्तफा राइनमाथि खुकुरी प्रहार गरेको आरोप छ ।

मुस्तफाको जाहेरीअनुसार, इर्सादले उनलाई घरमा बोलाएर पसलमा लगेका थिए । त्यहाँ घाँटीमा खुकुरी राखेर काट्ने धम्की दिइएको र उनी भाग्न खोज्दा पछाडिबाट लखेटेर खुकुरी प्रहार गरिएको आरोप छ। उक्त घटनामा मुस्तफाको बायाँ हातमा खुकुरी लागेर उनी घाइते भएका थिए ।

घटनापछि मुस्तफाले इर्सादविरुद्ध जिल्ला प्रहरी कार्यालय धनुषामा जाहेरी दिएका थिए। प्रहरीले उनीविरुद्ध ज्यान मार्ने उद्योगमा मुद्दा अघि बढाएको थियो ।

प्रहरीका अनुसार, उक्त मुद्दामा इर्सादलाई पक्राउ गर्न धनुषा जिल्ला अदालतबाट असार ३१ गते नै पक्राउ अनुमति लिइएको थियो । त्यसपछि जिल्ला प्रहरी कार्यालयले साउन १८ गते जानकी प्रहरी चौकीलाई पत्राचार गर्दै उनको खोजी तथा पक्राउका लागि आवश्यक पहल गर्न निर्देशन दिएको थियो। तर, लामो



समयसम्म उनी पक्राउ पर्न सकेका थिएनन् ।

डीएसपी खनालका अनुसार, पुरानो मुद्दामा पनि इर्सादलाई पक्राउ गर्न प्रहरी परिचालन गरिएको थियो। प्रहरी टोली पटकपटक उनको घरसम्म पुगे पनि उनी फेला नपरेको खनालले बताएका छन्।

ज्यान मार्ने उद्योगको आरोपमा खोजी भइरहेका इर्साद बिहीबार साँझ भएको छुरा प्रहारको घटनापछि प्रहरी नियन्त्रणमा आएका छन् ।

बिहीबार साँझ जनकपुरधामस्थित जानकी मन्दिरनजिकै भएको छुरा प्रहारबाट जनकपुरधाम-५ सोनारपट्टीका २४ वर्षीय आमिन साफीको मृत्यु भएको थियो भने सोही ठाउँका २५ वर्षीय इम्तियाज राइन गम्भीर घाइते भएका थिए ।

प्रहरीले जनाए अनुसार, स्थानीय करिब २२ वर्षीय इर्सादले दुवै युवकको छाती र पेटमा धारिलो हतियार प्रहार गरेका थिए । घटनालगत्तै प्रहरीले घाइते दुवैलाई उद्धार गरी उपचारका लागि प्रादेशिक अस्पताल जनकपुरधाम पुऱ्याएको थियो ।

अस्पतालमा चिकित्सकले जाँच गर्दा आमिनलाई मृत घोषणा गरेका थिए । उनको शव परीक्षणलगायत आवश्यक कानुनी प्रक्रिया पूरा गर्न शवगृहमा राखिएको प्रहरीले जनाएको छ । गम्भीर घाइते इम्तियाजको प्रादेशिक अस्पतालमा उपचार भइरहेको छ ।

पुरानो मुद्दामा पक्राउ गर्न अनुमति लिइसकिएको व्यक्तिमाथि पुनः गम्भीर हिंसात्मक घटनामा संलग्न भएको आरोप लागेपछि प्रहरीको खोजी तथा पक्राउ प्रयासबारे पनि प्रश्न उठ्न थालेको छ ।

इर्साद टिकटक र फेसबुकमा सक्रिय रहेको तथा सामाजिक सञ्जालमा 'गुण्डा' र 'एमडी इर्साद खान' नामबाट खाता सञ्चालन गर्ने गरेको विवरण सार्वजनिक भएको छ ।

उनीमाथि सामाजिक सञ्जालमा अर्को समुदायलाई लक्षित गरी घृणा फैलाउने, हिंसालाई प्रोत्साहन गर्ने तथा गालीगलौजयुक्त सामग्री प्रकाशन गर्ने गरेको आरोपसमेत लागेको छ । यस्ता गतिविधिका कारण उनलाई पक्राउ गरी कानुनी कारबाही गर्नुपर्ने माग यसअघि पनि उठेको बताइएको छ ।

यद्यपि, सामाजिक सञ्जालमा प्रकाशित सामग्रीको प्रकृति, त्यसको कानुनी अवस्था तथा ती सामग्रीको पछिल्लो घटनासँग कुनै सम्बन्ध छ वा छैन भन्ने विषय आधिकारिक अनुसन्धानबाट पुष्टि हुन बाँकी छ ।

स्थानीयवासीले इर्सादले लागुऔषध सेवन गर्ने गरेको दाबीसमेत गरेका छन् ।

बिहीबारको घटनापछि प्रहरीले इर्सादकी ४२ वर्षीया आमा सैमुख खातुनलाई समेत नियन्त्रणमा लिएर अनुसन्धान गरिरहेको जनाएको छ ।

घटनामा उनको संलग्नता वा भूमिका के थियो भन्नेबारे प्रहरीले थप विवरण सार्वजनिक गरेको छैन । अनुसन्धान पूरा भएपछि मात्रै यस विषयमा स्पष्ट विवरण आउन सक्नेछ ।

प्रहरीले घटनाको तत्कालीन कारण, पुरानो रिसइवी, प्रयोग गरिएको हतियार तथा घटनामा संलग्न व्यक्तिहरूको भूमिकालगायत पक्षमा अनुसन्धान गरिरहेको जनाएको छ ।

जनकपुरधामको व्यस्त क्षेत्र मानिने जानकी मन्दिर आसपास भएको घटनामा एक युवकको ज्यान जानु र अर्को युवक गम्भीर घाइते हुनुले स्थानीय सुरक्षा व्यवस्थामाथि प्रश्न उठाएको छ ।

### कांग्रेस महाधिवेशनमा मतदान सम्पन्न

## सभापतिको मतगणना शुरु, अन्य पदको टुंगो अनिश्चित

टुडे समाचारदाता



काठमाण्डु । नेपाली कांग्रेसको १५औँ महाधिवेशन अन्तर्गत नयाँ नेतृत्व चयनका लागि शुक्रबार दिनभर भएको मतदान निर्धारित समयभन्दा लम्बिएको छ । बिहानदेखि मतदानस्थलमा प्रतिनिधिहरूको लामो लाइन लागेपछि मतदानको समय दुईपटक थपेर साँझ ७ बजेसम्म पुऱ्याइए पनि रातिसम्म मतदान चलेको थियो । निर्वाचन समितिका अनुसार सभापति पदको मतगणना भने मतदान सकिएलगत्तै आजै सुरु गर्ने तयारी छ । अन्य पदको मतगणना आज रातिदेखि सुरु गर्ने वा शनिबार बिहान थाल्ने भन्ने विषयमा निर्णय हुन बाँकी छ ।

महाधिवेशन अन्तर्गत बिहीबार नै मतदान गर्ने तयारी भए पनि खराब मौसम, प्राविधिक समस्या र मतपत्र छपाइमा भएको ढिलाइका कारण मतदान शुक्रबारका लागि सारिएको थियो । उम्मेदवार र मतदाताको संख्या धेरै हुनुका साथै मतपत्रमा हस्ताक्षरलगायतका प्राविधिक काम पूरा गर्न समय लागेपछि निर्वाचन समितिले रातिको सट्टा शुक्रबार बिहान मतदान गराउने निर्णय गरेको थियो ।

शुक्रबार बिहान ७ बजेदेखि मतदान सुरु गर्ने कार्यतालिका रहे पनि मतदान करिब एक घण्टा ढिलो गरी सुरु भएको थियो । गण्डकी प्रदेशअन्तर्गत कास्कीका ८१ वर्षीय शोभाचन्द्र बरालले पहिलो मत खसाल्दै मतदानको सुरुवात गरेका थिए । त्यसपछि देशभरबाट आएका महाधिवेशन प्रतिनिधिहरू आफ्नो निर्धारित मतदान केन्द्रमा पुगेर मतदानमा सहभागी भए ।

निर्वाचन समितिले प्रतिनिधिहरूको सहजताका लागि काठमाडौंको राष्ट्रिय सभागृह र खुलामञ्चमा मतदानको व्यवस्था गरेको छ । राष्ट्रिय सभागृहस्थित मतदान केन्द्र 'क' मा बागमती प्रदेशका प्रतिनिधिहरूले मतदान गरेका छन् । खुलामञ्चस्थित मतदान केन्द्र 'ख' मा अन्य प्रदेश, नेपाली जनसम्पर्क समिति तथा सम्बन्धित समूहका प्रतिनिधिहरूका लागि मतदानको व्यवस्था गरिएको छ ।

यस महाधिवेशनमा सुरुमा सार्वजनिक गरिएको विवरणअनुसार ७ हजार ३१७ प्रतिनिधिले मतदान गर्ने अपेक्षा गरिएको थियो । निर्वाचन प्रक्रियामा सभापति, उपसभापति, महामन्त्री, सहमहामन्त्री तथा विभिन्न समूहका केन्द्रीय सदस्य चयन गर्नुपर्ने भएकाले मतदानमा समय लागेको हो । प्रतिनिधिहरूले विभिन्न पद र समूहका लागि छुट्टाछुट्टै मतपत्रमा मतदान गर्नुपर्ने व्यवस्था छ ।

शुक्रबार दिउँसो ३ बजेसम्म मतदान सम्पन्न गर्ने लक्ष्य राखिएको थियो । तर निर्धारित समयमा सबै प्रतिनिधिले मतदान गर्न नसकेपछि समय थपेर साँझ ५ बजेसम्म पुऱ्याइयो । त्यसपछि पनि मतदानका लागि प्रतिनिधिहरू लाइनमा रहेकाले निर्वाचन समितिले मतदानको समय साँझ ७ बजेसम्म कायम गरेको थियो ।

मतदानको गति सुस्त हुनुमा प्रत्येक प्रतिनिधिले धेरै मतपत्रमा मतदान गर्नुपर्ने र प्रतिनिधिहरूको ठूलो संख्या प्रमुख कारण बनेका छन् । दिउँसो २:३० बजेसम्म ३ हजार ७५४ मत खसेको विवरण सार्वजनिक भएको थियो । त्यसैगरी साँझ ५:३० बजेसम्म ५ हजार ६३३ मत खसिसकेको थियो । यसले निर्धारित समयभित्र मतदान सम्पन्न गर्न कठिन भएको देखाएको छ ।

**सभापतिमा गगन थापा र श्यामकृष्ण खड्गीबीच प्रतिस्पर्धा**

यस महाधिवेशनको सबैभन्दा चासोको विषय सभापति पदको प्रतिस्पर्धा बनेको छ । सभापतिमा गगनकुमार थापा र श्यामकृष्ण खड्गीबीच प्रतिस्पर्धा भइरहेको छ । सभापति पदको परिणामले पार्टीको आगामी नेतृत्व र राजनीतिक दिशाबारे महत्वपूर्ण संकेत दिने भएकाले प्रतिनिधि तथा कांग्रेस वृत्तमा यसलाई विशेष चासोका साथ हेरिएको छ ।

सभापतिसहितका पदाधिकारी र केन्द्रीय सदस्यको निर्वाचनबाट पार्टीको नयाँ केन्द्रीय नेतृत्व चयन हुनेछ । महाधिवेशनले विधान संशोधन गर्दै केन्द्रीय कार्यसमितिलाई २९७ सदस्यीय बनाउने व्यवस्था गरेकाले यसपटकको निर्वाचनमा विभिन्न पद र समूहका उम्मेदवारको संख्या पनि उल्लेख्य छ ।

निर्वाचन समितिका सदस्यसचिव राजु कटुवालले दिएको जानकारी अनुसार मतदान सम्पन्न हुनासाथ सभापति पदको मतगणना शुक्रबार अबेर रातिसम्म भए पनि शुरु गर्ने तयारी छ । सभापति पदको मतगणना राष्ट्रिय सभागृहमा गर्ने तय भएको छ । मतदान सकिएपछि मतपेटिकाको व्यवस्थापन र आवश्यक प्रक्रिया पूरा गरेर गणना अघि बढाइनेछ ।

तर अन्य पदका मतपत्रको गणना शुक्रबार रातिबाटै शुरु गर्ने वा शनिबार बिहानदेखि अघि बढाउने भन्ने विषयमा निर्वाचन समितिले अन्तिम निर्णय गरिसकेको छैन । मतगणनाको व्यवस्थापन, मतपत्रको संख्या र आवश्यक समयलाई ध्यानमा राखेर निर्णय गरिने जनाइएको छ । त्यसैले शनिबारसम्म सभापति पदको परिणाम आउने सम्भावना रहे पनि सबै पदको अन्तिम नतिजा शनिबार नै सार्वजनिक हुन्छ भन्ने निश्चित छैन ।

शनिबारको मुख्य काम मतदान सम्पन्न भएपछिको मतगणना अघि बढाउनु र परिणाम सार्वजनिक गर्नु हुनेछ । सभापति पदको मतगणना शुक्रबार रातिदेखि शुरु भएमा त्यसको परिणाम पहिले आउन सक्छ भने अन्य पदको गणना शुरु हुने समय निर्वाचन समितिको निर्णयमा निर्भर रहनेछ ।



# बाढीले पुलमा क्षति पुर्याएपछि यातायात ठप्प, पर्यटन र व्यापारमा असर

बागलुङ । चाडबाडको समयमा पछिल्ला केही वर्षयता बागलुङका विभिन्न गन्तव्यमा पर्यटक भरिभराउ हुन्थे । आर्थिक गतिविधि बढ्थ्यो । रोजगारी विस्तार भएको थियो । यस वर्ष पनि त्यस्तै अपेक्षामा रहेका व्यवसायी भने निरास र खिन्न छन् । मुख्य सडक सम्पर्कविच्छेद हुँदा पर्यटन र व्यापार व्यवसाय प्रभावित भएको छ ।

दसैँको समयमा कालिका मन्दिर, पञ्चकोट हुँदै ढोरपाटनसम्म घुम्न आउने पर्यटकले बागलुङका होटल भरिभराउ हुने गरे पनि यस वर्ष बजार तथा होटलमा अपेक्षित चहलपहल देखिएको छैन ।



बागलुङ प्रवेश गर्ने मुख्य नाका मालढुङ्गा पुलको पहुँचमार्ग बाढीले बगाएपछि १२ दिनदेखि सिधा यातायात ठप्प भएको छ । त्यसको प्रत्यक्ष असर पर्यटन, व्यापार र सर्वसाधारणको जीवनमा पर्न गएको छ ।

यही असोज ११ गतेको कालीगण्डकीको बाढीले पर्वततर्फको पुलको पहुँचमार्ग बगाएपछि बागलुङ र पर्वतबीचको नियमित सडक सम्पर्कविच्छेद भएको छ । मालढुङ्गा हुँदै म्याग्दी र मुस्ताङ जाने मुख्य सडक अवरुद्ध हुँदा त्यसको प्रभाव बागलुङको पर्यटन व्यवसायमा परेको छ ।

पर्यटकीय गन्तव्यमा जाने पर्यटकका लागि बागलुङ प्रवेशद्वारका रूपमा रहेको छ । होटल व्यवसायी एन्जील शाक्यले दसैँको मुखमा होटलमा पर्यटकको चाप बढ्नुपर्ने भए पनि सुनसान रहेको बताउनुभयो । "मुख्य सडक नै छैन, पर्यटक कसरी आउँछन् ? मुस्ताङसँग सडक सम्पर्क नै विच्छेद भएको छ । मुस्ताङको प्रभावले बागलुङको होटल व्यवसाय चलायमान हुन्थ्यो", उहाँले भन्नुभयो, "पुल सञ्चालनमा आउन जति ढिला हुन्छ, होटल व्यवसायी त्यति नै मारमा पर्छन् । वैकल्पिक बाटोबाट पर्यटक कमै आउने गरेका छन् । मुस्ताङ जाने सडक र मालढुङ्गा पुल नखुल्दासम्म होटल व्यवसायमा ठूलो नोक्सानी हुने देखिन्छ ।"

भारत र चीनलाई जोड्ने कालीगण्डकी करिडोर तथा पहाडी क्षेत्र हुँदै गएको मध्यपहाडी लोकमार्गको महत्त्वपूर्ण सङ्गमस्थल मालढुङ्गा भएकाले यहाँको सडक अवरोधले बागलुङसँगै पश्चिम क्षेत्रको आवागमनमा असर पारेको छ ।

**वैकल्पिक मार्गले बढायो ढुवानी खर्च**

मुख्य सडक अवरुद्ध भएपछि अहिले फलेवास-बलेवा हुँदै बागलुङ तथा मालढुङ्गा-बेनी हुँदै बागलुङसम्म वैकल्पिक मार्गबाट यात्रुवाहक बस र साना मालवाहक सवारी सञ्चालन भइरहेका छन् । लामो र घुमाउरो वैकल्पिक बाटो प्रयोग गर्नुपर्दा ढुवानीमा समय र खर्च दुवै बढेको व्यवसायीको भनाइ छ । यसको प्रत्यक्ष प्रभाव दैनिक उपभोग्य वस्तुको मूल्यमा पर्न थालेको छ ।

ग्यास ढुवानीमा वैकल्पिक मार्ग प्रयोग गर्दा प्रतिसिलिन्डर रु १५० देखि रु १७० सम्म अतिरिक्त ढुवानी खर्च लाग्न थालेको ग्यास विक्रेता हरि आचार्यले बताउनुभयो । ढुवानी खर्च बढेपछि बजारमा ग्यासको मूल्य रु १०० ले बढाउनुपरेको उहाँको भनाइ छ ।

सडक अवरुद्ध हुँदा समयमै आपूर्ति हुन नसकेपछि बागलुङमा तरकारीलगायत खाद्यवस्तुको आपूर्तिमा समस्या देखिन थालेको छ । पेट्रोलियम पदार्थ, खाद्यान्न, लत्ताकपडा र अन्य उपभोग्य वस्तुको आपूर्ति नियमित हुनसकेको छैन ।

मुख्य सडक अवरुद्ध हुँदा सर्वसाधारणको दैनिक जीवनसँगै स्वास्थ्य सेवामा असर परेको छ । गम्भीर बिरामी तथा नियमित उपचारका लागि पोखरा जानैपर्ने सर्वसाधारणले वैकल्पिक मार्ग प्रयोग गर्नुपर्ने वा केही दूरी पैदल हिँड्नुपर्ने अवस्था आएको छ ।

**दसैँअघि पुल सञ्चालनको तयारी**

सडक डिभिजन कार्यालय पोखराले दसैँअघि नै मालढुङ्गा पुलको पहुँचमार्ग सञ्चालनमा ल्याउने गरी काम तीव्र पारेको छ । पुलको पहुँचमार्गमा करिब ३० मिटर सडक बाढीले क्षति पुर्याएपछि मर्मत तथा पुनःस्थापनाको काम भइरहेको छ ।

सडक डिभिजन कार्यालय पोखराका प्रमुख कृष्णराज अधिकारीले चाडपर्व नजिकिँदै गएको र बागलुङमा खाद्यान्न, ग्याससलगायत अत्यावश्यक वस्तुको आपूर्तिमा असर पर्न थालेकाले चौबीसै घण्टा काम गरेर पुल सञ्चालनमा ल्याउने तयारी भइरहेको बताउनुभयो ।

कुल ११४ मिटर लामो मालढुङ्गा पुलको पहुँचमार्गमा क्षति पुगेपछि दुई जिल्लाबीचको नियमित सडक सम्पर्कविच्छेद भएको हो । यही मार्ग हुँदै मध्यपहाडी लोकमार्गमा जोडिएर बागलुङसँगै पूर्वीरुकुम र रोल्पातर्फ जाने यातायात प्रभावित भएको छ । पुल सञ्चालनमा आएपछि लामो समयदेखि प्रभावित व्यापार, पर्यटन र दैनिक उपभोग्य वस्तुको आपूर्ति क्रमशः सहज हुने अपेक्षा गरिएको छ । रासस

# भन्सार छली गरी ल्याइएका १५ लाख बराबरका सामान बरामद



वीरगञ्ज । सशस्त्र प्रहरी बल पर्साले रु १५ लाख २८ हजार बराबरको विभिन्न सामान बरामद गरेको छ ।

वीरगञ्जमहानगरपालिका-१६ भुटनदेवी मन्दिरस्थित सीमा इलाकामा सशस्त्र प्रहरी बल नेपाल १३ नं गण हेडक्वाटर पर्साबाट खटिएको टोलीले भारततर्फबाट अवैध रूपमा भन्सार छली गरी नेपालतर्फ ल्याउँदै गरेको अवस्थामा रु नौ लाख २२ हजार ५०० बराबरको औषधि नियन्त्रणमा लिई आज वीरगञ्ज भन्सार कार्यालयमा बुझाएको छ ।

हेडक्वाटर पर्साबाट खटिएको अर्को टोलीले भारततर्फबाट अवैध रूपमा भन्सार छली नेपालतर्फ ल्याउँदै गरेको रु तीन लाख दुई हजार ९६० बराबरको मोटरसाइकलसहित तरकारी वीरगञ्ज-१६ बाट नियन्त्रणमा लिई भन्सार कार्यालयमा बुझाइएको सशस्त्र प्रहरी बल नं १३ गणका सशस्त्र प्रहरी नायब उपरीक्षक सुरज क्षेत्रीले जानकारी दिनुभयो ।

यस गण मातहत सीमा सुरक्षा गुल्म वीरगञ्जबाट खटिएको टोलीले वीरगञ्ज-१६ इनर्वा सीमा इलाकाबाट भारततर्फबाट अवैध रूपमा भन्सार छलेर नेपालतर्फ ल्याउँदै गरेको अवस्थामा रु एक लाख ७७ हजार ८६० बराबरको कपडा तथा जुत्ता बरामद गरी भन्सार कार्यालयको प्रहरी नायब उपरीक्षक क्षेत्रीले जानकारी दिनुभयो ।

त्यस्तै पर्साकै जगरनाथपुर गाउँपालिका-२ लक्ष्मीपुरचोकमा सीमा सुरक्षा गुल्म भिखमपुरबाट खटिएको टोलीले भारततर्फबाट अवैध रूपमा भन्सार छली गरी ल्याइएको रु एक लाख २५ हजार १०० बराबरको सामानसहित मोटरसाइकल नियन्त्रणमा लिई आवश्यक कारबाहीका लागि वीरगञ्ज भन्सार कार्यालयमा बुझाएको छ । रासस

# देशका विभिन्न स्थानमा भारी वर्षाको सम्भावना, सतर्क रहन आग्रह

काठमाण्डु । पश्चिमी न्यून चापीय प्रणाली र मनसुनी वायुको प्रभावका कारण देशका विभिन्न स्थानमा मेघगर्जन, चट्याङ, हुरी र असिनासहित वर्षा तथा हिमपातको सम्भावना रहेको छ ।

जल तथा मौसम पूर्वानुमान महाशाखाका अनुसार शुक्रबार दिउँसो कोशी, बागमती र सुदूरपश्चिम प्रदेशका पहाडी भाग तथा कोशी प्रदेशका तराईका एकदुई स्थानमा भारी वर्षाको सम्भावना छ ।

हाल देशका पहाडी र हिमाली भाग, मधेस प्रदेश तथा कोशी, बागमती र गण्डकी प्रदेशका तराई क्षेत्रमा साधारणतया बादल लागेको छ । अन्य क्षेत्रमा आंशिक बादल लागेको छ । बागमती, गण्डकी र लुम्बिनी प्रदेशका एकदुई स्थानमा मेघगर्जन र चट्याङसहित मध्यम वर्षा भइरहेको छ ।

आज दिउँसो देशका हिमाली तथा पहाडी भागमा साधारणतया बादल लाग्नेछ । मधेस प्रदेश तथा कोशी र सुदूरपश्चिम प्रदेशका तराई क्षेत्रमा पनि साधारणतया बादल लाग्नेछ भने बाँकी तराई क्षेत्रमा आंशिक बादल लाग्ने महाशाखाले जनाएको छ ।

हिमाली र पहाडी भागका केही स्थानमा मेघगर्जन, चट्याङ, हुरी र असिनासहित मध्यम वर्षा तथा हिमपातको सम्भावना छ ।



राति कोशी प्रदेशको तराईका केही स्थान, मधेस प्रदेशका स्थान मधेससहित कोशी र सुदूरपश्चिम प्रदेशको तराईका केही स्थान तथा बागमती, गण्डकी र लुम्बिनी प्रदेशको तराईका केही स्थानमा मेघगर्जन र चट्याङसहित मध्यम वर्षा हुन सक्नेछ ।

त्यसैगरी, आज राति देशका हिमाली र पहाडी भागमा साधारणतया बादल लाग्नेछ । कोशी प्रदेशको हिमाली तथा पहाडी भागका केही स्थान, बागमती र गण्डकी प्रदेशका हिमाली तथा पहाडी भागका केही स्थान तथा लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका हिमाली तथा पहाडी भागका एकदुई स्थानमा मेघगर्जन र चट्याङसहित मध्यम वर्षा तथा हिमपातको सम्भावना छ ।

तथा बागमती र गण्डकी प्रदेशका तराईका एकदुई स्थानमा मेघगर्जन र चट्याङसहित मध्यम वर्षा हुन सक्नेछ । कोशी प्रदेशको पहाडी तथा तराई भूभागका एकदुई स्थानमा भारी वर्षाको सम्भावना रहेको महाशाखाले जनाएको छ । महाशाखाले देशभर तापक्रम हल्का घट्ने सम्भावना रहेको जनाउँदै कोशी, बागमती, गण्डकी र सुदूरपश्चिम प्रदेशका पहाडी भाग तथा कोशी प्रदेशको तराईका एकदुई स्थानमा भारी वर्षा हुनसक्ने बताएको छ ।

साथै महाशाखाले कृषिमा संलग्न सर्वसाधारण तथा सम्बन्धित निकायलाई पछिल्लो मौसमी सूचना र पूर्वानुमानबारे नियमित जानकारी लिइ आवश्यक सतर्कता अपनाउन आग्रह गरेको छ । रासस

# विपद् प्रभावित बेनी-जोमसोम कोरला सडकमा यातायात सञ्चालनमा चुनौती

म्याग्दी । कोरलानाका जोड्ने बेनी-जोमसोम-कोरला सडक मर्मतको काम अन्तिम चरणमा पुगे पनि नियमित, सहज र सुरक्षित यातायात सञ्चालनमा चुनौती देखिएको छ ।

चीन र भारत जोड्ने कालीगण्डकी करिडोरको पर्वतको मालढुङ्गादेखि म्याग्दी हुँदै मुस्ताङको कोरलानाका जोड्ने २०२ किलोमिटर लामो बेनी-जोमसोम-कोरला सडक यही असोज ८ देखि ११ गतेसम्मको बाढीपहिरोका कारण क्षतिग्रस्त बनेको थियो ।

विभिन्न ५० ठाउँमा पहिरो खसेको, भासिएको र १० ठाउँमा कालीगण्डकी नदीको कटानले बगाएको सडक मर्मतकार्य अन्तिम चरणमा पुगेको छ । म्याग्दीको रघुगङ्गा गाउँपालिका-२ कुनौटा भिर र अन्नपूर्ण गाउँपालिकाको पोखरेबगरस्थित सडक पुलको पहुँचमार्ग तयार भएर बिहीबार साँझ अत्यावश्यक सवारीसाधन वारपार गरेका छन् । कालीगण्डकीको बाढीले बगाएको कुनौटाको सडक र पोखरेबगर पुलको पहुँचमार्ग निर्माणमा चुनौती देखिएको थियो ।

इन्धन, एम्बुलेन्स, सडक, विद्युत् र सञ्चार सेवा सञ्चालन गराउन आवश्यक उपकरण र राहत सामग्री ढुवानी गर्ने सवारीसाधनमात्र एकतर्फी रूपमा सञ्चालन गर्न सकिने अवस्थामा रहेको सडकमा थप मर्मतकार्य बाँकी रहेको बेनी-जोमसोम-



कोरला सडक योजनाका प्रमुख तेजस्वी शर्माले बताउनुभयो ।

"प्रारम्भिक चरणको मर्मत भए पनि पूर्ण रूपमा पहिरो पन्छाउने, भासिएको र कटान गरेको ठाउँमा फिलिङ, लेवल मिलाउने, क्रसिङ बनाउन बाँकी छ", उहाँले भन्नुभयो, "अहिलेकै अवस्थामा यातायात सञ्चालन गर्दा अस्तव्यस्त र दुर्घटनाको जोखिम हुने भएकाले आइतबारसम्म मर्मतकार्यलाई पूर्णता दिने र आगामी सोमबारदेखि यातायात सञ्चालन गर्ने कार्ययोजना बनाएका छौँ ।"

केराबारी, लामाबगर, तिल्केनीचौर, राहुपारे, सिरुवारी, कुनौटा, महभिर, भिरकाटे, धिरच्याङ, रातोपानी, तातोपानी, सुकेबगर, खामभित्ता, खहरेखोला क्षेत्रमा कालीगण्डकीले कटान र पहिरोले सबैभन्दा बढी क्षति गरेको छ ।

हालै कालोपत्र सकिएको र पहिरो प्रभावित क्षेत्रमा ढलानको काम भइरहेको म्याग्दी खण्डको ३३ किलोमिटरमध्ये २० किलोमिटर बढी स्थानमा सडक क्षतविक्षत भएको सङ्घीय सडक सुपरीवेक्षण कार्यालय पोखराका प्रमुख नरेन्द्र सुवेदीले बताउनुभयो ।

"चीनसँग हाल सञ्चालनमा रहेको एकमात्र कोरलानाकाका कारणले पनि सरकारले उच्च प्राथमिकतामा राखेर अवरुद्ध भएको दुई साताभित्रै यातायात सञ्चालनको तयारी गरेको भए पनि पहिलेकै अवस्थामा फर्काउन धेरै लगानी र पूर्वाधार आवश्यक पर्छ", उहाँले भन्नुभयो, "रु ९० करोडबराबरको क्षति भएको यो सडकलाई नयाँ डिजाइनमा पुनर्निर्माण गर्न थप रु तीन अर्ब बजेट आवश्यक पर्ने अनुमान गरेका छौँ ।"

बेनी-जोमसोम-कोरला सडक योजनाका संस्थापक प्रमुखसमेत रहनुभएका सुवेदीका अनुसार योजना सुरु भएयताकै ठूलो क्षति यसपालिको बाढीले गरेको छ । अत्यधिक वर्षाका साथै सहायक सडक भत्किएका, जलविद्युत् आयोजनाले नदी किनारमा फालेका मकिङ, कमजोर भूगोल, नयाँ पहिरो सृजना हुनु, सहायक नदीमा बाढीको सतह बढ्नुलगायतका कारण कालीगण्डकीमा बाढीको आयतन बढेर अकल्पनीय क्षति गरेको सुवेदीको भनाइ छ ।

कोरलानाकामा जानेआउने मालवाहक, मुस्ताङको स्याउ र आलु निकासी, पर्यटकीय याम र दसैँतिहारलगायत ठूला चाडपर्वमा बढ्ने आन्तरिक यातायात साधनको चापले सृजना हुने चुनौतीको व्यवस्थापनका लागि आवश्यक तयारी गरिएको म्याग्दीका प्रमुख जिल्ला अधिकारी गणेश गैरेले बताउनुभयो । भन्सार जाँचपास गरेर कोरलानाकाबाट दसैँलाई लक्षित गरेर आयात गरिएका सामान बोकेका ५०० भन्दा बढी कन्टेनर गन्तव्यमा पुग्ने प्रतीक्षामा मुस्ताङ र म्याग्दीका विभिन्न ठाउँमा रोकिएका छन् ।

"अत्यावश्यक, ढुवानी, आन्तरिक यातायात र पर्यटक सवारीसाधनलाई प्राथमिकता निर्धारण गरेर ट्राफिक व्यवस्थापन गर्न जनप्रतिनिधि, प्रदेशस्तरका सुरक्षा अधिकारीसहितको टोलीले बिहीबार स्थलगत निरीक्षण गरेका छौँ", प्रमुख जिल्ला अधिकारी गैरेले भन्नुभयो, "सवारीसाधनको जाम हुन नदिनका लागि साँघुरा र जोखिमयुक्त ठाउँमा सुरक्षाकर्मी खटाउने विषयमा पनि छलफल भएको छ ।"

अत्यावश्यक सेवा, आन्तरिक यातायात, कन्टेनर, स्याउ, आलु बजार पठाउने सवारीसाधनलाई प्राथमिकता दिनुपर्ने भएकाले सडकको अवस्था सहज नहुँदासम्मको लागि घुमघामका लागि आउनेलाई केही दिन योजना पछि सार्न प्रजिअ गैरेले अनुरोध गर्नुभयो ।

गण्डकी प्रदेशसभा सदस्य रेशम जुग्जाली, जिससका कार्यवाहक प्रमुख डिलकुमारी खत्री, प्रजिअ गैरे, सङ्घीय सडक सुपरीवेक्षण कार्यालय पोखराका प्रमुख सुवेदी, नेपाली सेनाको पश्चिम पृतनाका पृतनापति उपरथी भोलानाथ थापा, गण्डकी प्रदेश प्रहरी प्रमुख डिआइजी दीपेन्द्र घर्ती क्षेत्री र सशस्त्र प्रहरी बल नं ४ मुक्तिनाथ बाहिनीका बाहिनीपति दीपेन्द्र शाह, म्याग्दीका प्रहरी नायब उपरीक्षक राजन कार्कीसहित जिल्ला तहका सुरक्षा अधिकारीले सडकमा यातायात सञ्चालनको तयारीका लागि अनुगमन गर्नुभएको थियो । रासस

# सर्वोच्च अदालतद्वारा सुदूरपश्चिमको बजेटसम्बन्धी रिटमा अन्तरिम आदेश दिन अस्वीकार

सुदूरपश्चिम । प्रदेशसभामा दर्ता रहेको अर्थ विधेयकमा पुनरावलोकनसहित परिमार्जन गर्न नपाइने दाबीसहित दायर रिट निवेदनमा सर्वोच्च अदालतले अन्तरिम आदेश दिन अस्वीकार गरेको छ ।

न्यायाधीश सपना प्रधान मल्ल र बालकृष्ण ढकालको संयुक्त इजलासले आज प्रदेशसभामा दर्ता रहेको अर्थ विधेयक पुनरावलोकनसहित परिमार्जन गर्न पाइने वा नपाइने विषय रिट निवेदनको अन्तिम किनारा हुँदाका बखत निरुपण हुने भन्दै अन्तरिम आदेश दिन अस्वीकार गरेको हो ।

अधिवक्ता मनिराम उपाध्यायले अघिल्लो सरकारले गत असार १ गते प्रदेशसभामा बजेट प्रस्तुत गरिसकेको अवस्थामा सरकार परिवर्तन भएपछि प्रदेशसभामा दर्ता रहेको अर्थ विधेयक पुनरावलोकनसहित परिमार्जन गर्न नमिल्ने दाबीसहित अन्तरिम



आदेशको माग गर्दै रिट दायर गर्नुभएको थियो । गत असार २९ गते प्रदेश सरकार परिवर्तन भएको थियो ।

संयुक्त इजलासले संविधानको धारा ५९ को उपधारा (३), धारा २०० र धारा २०९ तथा सुदूरपश्चिम प्रदेशसभा नियमावली, २०८० को नियम १२३ लगायत कानुनी व्यवस्थाको सन्दर्भमा बजेट परिमार्जनको अधिकारसम्बन्धी प्रश्न अन्तिम सुनुवाइका क्रममा निरुपण हुनुपर्ने प्रकृतिको देखिएको उल्लेख गरेको छ । अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ का सम्बन्धित व्यवस्थासमेतका आधारमा हाललाई अन्तरिम आदेश जारी गर्नुपर्ने अवस्था नरहेको अदालतको ठहर छ ।रासस


## भुल सुधार

यस लुम्बिनी विकास बैंक लिमिटेडको मिति २०८३/०६/२१ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिकमा प्रकाशित ऋणीहरुलाई कर्जा चुक्ता भुक्तान गर्ने तथा धितो लिलाम बिक्री सम्बन्धी २१ दिने अत्यन्त जरुरी सूचनामा क.सं. २, शाखा कार्यालय लालबन्दीको ऋणी हंशयोग आर्युवेदीया र विनोद साह कानुको धितोको विवरणमा पत्थरकोट - ९, सर्लाही स्थित कित्ता नं. ३९२ र ३९३ को क्षेत्रफल क्रमश: ०-०-५ र ०-०-५ भुलवश प्रकाशित हुन गएकोले भुलसुधार गरिएको छ ।

लुम्बिनी विकास बैंक लि. Lumbini Bikas Bank Ltd. निरन्तर सहयात्रा
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त संस्था)

केन्द्रीय कार्यालय:
सनराईज बिजपार्क, डिल्लीबजार, काठमाण्डौं
फोन नं. : ०१-४५१३२३२, ४५१३२३४, ४५२१६९६,
फ्याक्स नं. ०१-४५१३५२६


## ज्योतिष-मार्गदर्शन

प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

**मेष :** आज तपाईको दिन ऊर्जावान रहनेछ ।

**वृष :** आज तपाईको आर्थिक अवस्था बलियो हुने संकेत छ ।

**मिथुन :** काममा व्यस्तता बढ्नेछ र जिम्मेवारी पनि थपिनेछ ।

**कर्कट :** मन अलि अस्थिर र चिन्तित रहन सक्छ।

**सिंह :** तपाईको आत्मविश्वास उच्च रहनेछ। नेतृत्व गर्ने अवसर आउन सक्छ ।

**कन्या :** आज तपाईले सोचेर मात्र कदम चाल्नुपर्छ ।

**तुला :** प्रेम, मित्रता र दाम्पत्य जीवनमा सकारात्मक परिवर्तन आउनेछ ।

**वृश्चिक :** अर्थिक रुपमा लाभदायक दिन हुन सक्छ ।

**धनु :** यात्राको योग बन्न सक्छ, विशेषगरी काम वा अध्ययनको लागि ।

**मकर :** वरिष्ठ वा उच्च अधिकारीबाट प्रशंसा पाउने सम्भावना छ ।

**कुम्भ:** नयाँ योजना बनाउने र भविष्यको लागि सोच्ने दिन हो ।

**मीन:** भावनात्मक रुपमा संवेदनशील हुने दिन हो । साना कुराले मन दुख्न सक्छ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वेको समय तालिका

**जनकपुरधाम - जयनगर**

बिहान :- ८:३५ बजे

दिउँसो :- ११:४५ बजे

बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**

बिहान :- १०:०० बजे

दिउँसो :- १३:४५ बजे

बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# जीर्ण बन्दै बानेश्वरनाथ झोलुङ्गे पुल

**टुडे समाचारदाता**

रौतहट । रौतहटको सदरमुकाम गौर नगरपालिका र ईशनाथ नगरपालिकालाई जोड्ने लालबकैया नदीमाथिको बानेश्वरनाथ झोलुङ्गे पुल जीर्ण बन्दै गएपछि सर्वसाधारणको आवागमन जोखिमपूर्ण बनेको छ।



पुलका विभिन्न संरचना कमजोर हुँदै गएको भन्दै स्थानीयले सम्भावित दुर्घटना हुनुअघि नै सम्बन्धित निकायको ध्यानाकर्षण गराउँदै तत्काल मर्मतसम्भार गर्न माग गरेका छन् ।

गौरस्थित महादेव मन्दिरबाट केही मिटर पश्चिमतर्फ रहेको उक्त पुल मधेश प्रदेशकै लामो झोलुङ्गे पुलमध्ये एकका रूपमा परिचित छ। पुल सञ्चालनमा आएपछि गौर र ईशनाथ क्षेत्रका स्थानीय बासिन्दा, पैदलयात्री तथा साइकल र मोटरसाइकल चालकका लागि यो महत्वपूर्ण आवागमन मार्गका रूपमा प्रयोग हुँदै आएको छ।

तर, पछिल्लो समय पुलमा जडान गरिएका फलामे जाली, नट-बोल्ट तथा भार थेग्ने मुख्य फलामे तार कमजोर हुँदै गएको स्थानीयको गुनासो छ। पुलका विभिन्न स्थानमा फलामे तार नट-बोल्टबाट छुट्टिएर झुन्डिएको तथा कतिपय संरचना खुकुलो भएको देखिने उनीहरूको भनाइ छ।

स्थानीयका अनुसार पुलका दुवैतर्फ भार थेग्ने मुख्य फलामे तारसमेत विभिन्न स्थानमा खुल्ने र ढिलो हुने समस्या देखिएको छ। यस्तो अवस्थाले पुलको सुरक्षाबारे चिन्ता बढाएको छ। दैनिक आवागमनमा निर्भर स्थानीयले पुलको अवस्थाबारे समयमै प्राविधिक जाँच र आवश्यक मर्मत नगरिए जोखिम थप बढ्न सक्ने आशंका व्यक्त गरेका छन् ।

सार्वजनिक पूर्वाधारमा देखिने सामान्य कमजोरीलाई समयमै सम्बोधन नगर्दा त्यसले गम्भीर दुर्घटनाको रूप लिन सक्ने भएकाले पुलको अवस्थालाई बेवास्ता गर्न नहुने स्थानीयको भनाइ छ। विशेषगरी पैदलयात्री र दुईपाङ्ग्रे सवारीसाधनसमेत आवतजावत गर्ने पुलमा संरचनागत कमजोरी देखिनु सुरक्षाका दृष्टिले गम्भीर विषय हो।

पुलको वास्तविक अवस्था कति जोखिमपूर्ण छ भन्ने यकिन गर्न सम्बन्धित प्राविधिक निकायबाट स्थलगत निरीक्षण तथा संरचनागत परीक्षण आवश्यक देखिन्छ। परीक्षणबाट जोखिम पुष्टि भएमा तत्काल मर्मत, आवश्यक स्थानमा सुरक्षा व्यवस्था र मर्मत सम्पन्न नभएसम्म जोखिमयुक्त भागमा आवागमन नियन्त्रण गर्नुपर्ने हुन्छ।

स्थानीयले सम्बन्धित नगरपालिका तथा पुलको रेखदेख र मर्मतसम्भारको जिम्मेवारी पाएको निकायलाई तत्काल ध्यान दिन आग्रह गरेका छन् । सम्भावित दुर्घटना भएपछि मात्रै सक्रिय हुने प्रवृत्तिभन्दा जोखिम देखिनेबित्तिकै आवश्यक कदम चाल्नु जनसुरक्षाका लागि महत्वपूर्ण हुने उनीहरूको भनाइ छ।

# स्थानीय तहमा पनि बैंक समायोजन गर्न पाउने

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाहरूलाई आफ्ना शाखा कार्यालयहरू समायोजन गर्न थप सहज बनाएको छ।




विद्युतीय कारोबार बढेसँगै राष्ट्र बैंकले बैंकका भौतिक शाखाहरू घटाउने उद्देश्य अनुरूप यसअघि महानगरपालिकामा मात्र रहेको यस्तो सुविधा अब उपमहानगरपालिका र नगरपालिकाभित्र पनि लागू गरेको छ।

राष्ट्र बैंकले शुक्रबार एकीकृत निर्देशनमा संशोधन गर्दै सहरी क्षेत्रका शाखा गाभ्न पाइने तर गाउँका शाखा बन्द गर्न नपाइने नीति लिएको हो । नयाँ नियमअनुसार अब उपमहानगरपालिका र नगरपालिकाभित्रका सहरी र सहरोन्मुख क्षेत्रमा रहेका शाखाहरू बैंक तथा वित्तीय संस्था आफैंले समायोजन वा एकीकरण गर्न सक्नेछन् ।

यद्यपि, यसका लागि केही सर्तहरू तोकिएका छन् । एक किलोमिटरको दूरीभित्र सञ्चालनमा रहेका शाखाहरू मात्र यसरी समायोजन गर्न पाइनेछ । यसरी गाभ्दा सोही दूरीभित्र कम्तीमा कुनै एउटा शाखा भने कायम राखेकै हुनुपर्नेछ।

सहरी क्षेत्रमा शाखाहरू घटाउन प्रोत्साहन गरेको केन्द्रीय बैंकले ग्रामीण क्षेत्रमा भने वित्तीय पहुँच बढाउने सर्त अघि सारेको छ।

निर्देशनअनुसार बैंक तथा वित्तीय संस्थाहरूले सहरी क्षेत्रमा समायोजन/एकीकरण गरी प्रत्येक ४ वटा शाखाहरू बन्द गरेपछि ग्रामीण क्षेत्रमा अनिवार्य रूपमा एउटा नयाँ शाखा खोल्नुपर्नेछ।

यस्तो नयाँ शाखा हालसम्म कुनै पनि बैंक तथा वित्तीय संस्थाको शाखा नरहेको ग्रामीण क्षेत्रको वडामा खोल्नुपर्नेछ । नयाँ शाखा खोलेको विवरण राष्ट्र बैंकको बैंक तथा वित्तीय संस्था नियमन विभाग र सम्बन्धित सुपरिवेक्षण विभागमा पेस गर्नुपर्नेछ।

**कर्मचारी हटाउन नपाइने**

राष्ट्र बैंकले ग्रामीण क्षेत्रका शाखाहरू बन्द गर्न भने कडा रोक लगाएको छ। कुनै पनि बैंक तथा वित्तीय संस्थाले राष्ट्र बैंकको पूर्वस्वीकृति बिना गाउँपालिका तथा ग्रामीण क्षेत्रमा रहेका आफ्ना शाखा वा कार्यालय बन्द गर्न, स्थानान्तरण गर्न वा गाभ्न पाउने छैनन्।

शाखा समायोजन वा एकीकरण गरेको कारण देखाउँदै बैंकहरूले आफ्ना कर्मचारीलाई सेवाबाट हटाउन (निकाल्न) नपाउने व्यवस्था पनि राष्ट्र बैंकले गरेको छ। शाखा गाभिएपछि त्यहाँ कार्यरत कर्मचारीलाई पायक पर्ने नजिकको शाखा वा प्राथमिकता र सहमतिका आधारमा अन्य शाखामा सरुवा गर्नुपर्ने केन्द्रीय बैंकको निर्देशनमा उल्लेख छ।

निर्देशनमा दुई वा दुईभन्दा बढी शाखाहरू आपसमा गाभिएर एउटा मात्र शाखा कायम हुने अवस्थालाई समायोजन/एकीकरण भनिएको छ।

शाखाहरूको वर्गीकरणका लागि राष्ट्रिय तथ्याङ्क कार्यालयले प्रकाशन गरेको पछिल्लो प्रतिवेदनलाई आधार मानिनेछ। नेपालमा ग्रामीण तथा सहरी क्षेत्रको श्रेणीगत वर्गीकरण प्रतिवेदनको अनुसूची-३ मा उल्लेख भएका सहरी, सहरोन्मुख र ग्रामीण क्षेत्रलाई आधार मानेर शाखाहरूको व्यवस्थापन गर्नुपर्ने राष्ट्र बैंकले जनाएको छ।

# बालुवा गिट्टी उत्खनन गर्ने टिपर र जेसिबी नियन्त्रणमा

**टुडे समाचारदाता**

जनकपुरधाम । सिरहा प्रहरीले अवैध रूपमा गिट्टीबालुवा उत्खनन गर्ने ६ वटा टिपर र एउटा जेसीबीलाई नियन्त्रणमा लिएको छ।

जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार बिहीबार राति गोलबजार नगरपालिका-१ स्थित बलडारा मुक्सारमा सोही ठाउँ बस्ने सहदेव यादवको जग्गामा बिहीबार राति अवैध रूपमा ग्राभेल उत्खनन भइरहेको भन्ने खबर प्राप्त हुनासाथ इलाका प्रहरी कायाालय गोलबजार र सशस्त्र प्रहरी बल नेपाल सुरक्षा बेस गोलबजार सिरहाबाट खटिएको संयक्त टोलीले जेसीबी र टिपर नियन्त्रणमा लिएको जनाएको छ।

टिपरका चालकहरू प्रहरी आउनासाथ फरार भएका प्रहरीले जनाएको छ। उनीहरूलाई पहिचान गरेर खोजतलास तीव्र पारिएको छ। प्रहरी प्रवक्ता एवं डीएसपी रमेश बहादुर पालकाले उत्खननमा प्रयोग भइरहेका ६ वटा टिपर र एकवटा जेसीबी नियन्त्रणमा लिई सशस्त्र प्रहरी बेस क्याम्प सिरहामा राखिएको बताए।

उनका अनुसार नियन्त्रणमा लिएका टिपरहरू को१ख ४९७५, प्र-२-०१००१ क ०१७०, मधेस प्रदेश ०१-००१ क ०२८५, भे १ क ९५०, मधेस प्रदेश ०३-००१ क ३०२८, मधेस प्रदेश ०३-००१ क ३३७५ र ज १ क ७५२ नम्बरका टिपरहरू नियन्त्रणमा राखेर अनुसन्धान थालिएको छ।

# दलित महिलाका लागि बजेट छुट्याउनुपर्ने



**टुडे समाचारदाता**

जनकपुरधाम । दलित महिलाहरुको आवश्यकता पहिचान गरी स्थानीय तहको बजेटमा समेटनुपर्ने कुरामा जोड दिइएको छ।

दलित महिला संघ धनुषाद्वारा जनकपुरधाममा शुक्रवार आयोजित स्थानीय सरकारको नीति, योजना र बजेट सम्बन्धमा मुख्य सरोकारवाला र मिडियासँगको सम्वाद कार्यक्रममा बोल्ने वक्ताहरुले स्थानीय तहले दलित महिलाको उत्थान र विकास बारे बजेट नराख्ने गरिएको गुनासो गरेका थिए।

कार्यक्रममा बोल्ने वक्ताहरुले दलितको नाममा छुट्याइएको बजेटहरु पुर्वाधार विकास निर्माणका विभिन्न शिर्षकहरुमा खर्च गर्ने गरेको आरोप समेत लगाएका थिए। उनीहरुले भने केही रकम खर्च गरिएपनि ती रकम तालिम र अभिमुखिकरण कार्यक्रमको नाममा मात्र गरिन्छ । तालिमपछि त्यसलाई स्वरोजगारसँग नजोड्दा ती तालिम र अभिमुखिकरणको कुनै सदुपयोग नहुने गरेको छ।

उनीहरुले दलित महिलालाई तालिम र अभिमुखिकरणभन्दा पनि समुदायमै गएर तिनीहरुको समस्या र आवश्यकता पहिचान गरी सोही अनुसार बजेट विनियोजन गर्नुपर्ने धारणा राखेका थिए । कार्यक्रममा सहभागीहरुबाट स्थानीय तहमा दलितको तर्फबाट प्रतिनिधित्व गर्ने जनप्रतिनिधिहरु दलित महिलाका लागि बजेट विनियोजन बारे केही काम नगरेको गुनासो गरेका थिए।

सो कार्यक्रममा वडाध्यक्षहरु पुण्यप्रताप यादव, विमलेश मिश्र, मिडिया काउन्सीलका पूर्व कार्यवाहक अध्यक्ष कैलाश दास, इन्सकेका मधेश प्रदेश प्रतिनिधि राजु पासवान लगायतका वक्ताहरुले आ आफ्ना धारणा राखेका थिए भने विष्णुकुँवरले स्थानीय तहमा दलित महिलाहरुको कानूनी अधिकार र पहुँच बारे प्रस्तुति दिएका थिए।

# 'आँखालाई माया गरौं, दृष्टिको रक्षा गरौं'

**टुडे समाचारदाता**

रौतहट । 'आँखालाई माया गरौं, दृष्टिको रक्षा गरौं' भन्ने सन्देशसहित रौतहटमा ७१ औं प्रहरी दिवस तथा विश्व दृष्टि दिवस-२०८३ मनाइएको छ। दिवसको अवसरमा सडकमा घाम, धुलो र धुवाँबीच जोखिम मोलेर ड्युटी गर्ने ट्राफिक प्रहर ीसहित १०३ जनाको निःशुल्क आँखा परीक्षण गरिएको छ।



नेपाल नेत्र ज्योति संघ गौर आँखा अस्पतालले जिल्ला ट्राफिक प्रहरी कार्यालय चन्द्रनिगाहपुरसँगको सहकार्यमा गरुडा नगरपालिका-४ स्थित इलाका प्रहरी कार्यालय शिवनगरको परिसरमा बिहीवार स्वास्थ्य परीक्षण कार्यक्रम आयोजना गरेको हो।

सवारीसाधनको चाप, धुलो, धुवाँ, घाम र प्रदूषणको प्रत्यक्ष सम्पर्कमा रहेर काम गर्नुपर्ने ट्राफिक प्रहरीको आँखाको स्वास्थ्यलाई प्राथमिकतामा राख्दै कार्यक्रम सञ्चालन गरिएको आयोजकले जनाएको छ। परीक्षणका क्रममा आँखासम्बन्धी समस्या देखिएका तथा थप सुरक्षात्मक उपाय आवश्यक पर्ने व्यक्तिलाई चिकित्सकीय परामर्श, आवश्यक औषधि र सुरक्षा चश्मासमेत उपलब्ध गराइएको थियो।

कार्यक्रमको उद्घाटन नेपाल नेत्र ज्योति संघ गौर आँखा अस्पतालका अध्यक्ष विजयकुमार सिंह र नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय पथलैया, बाराका प्रमुख एसपी ज्ञानेन्द्रबहादुर बस्नेतले संयुक्त रूपमा दीप प्रज्वलन गरेर गरेका थिए । सडकमा सवारी व्यवस्थापनदेखि दुर्घटना न्यूनीकरणसम्मको जिम्मेवारी निर्वाह गर्ने ट्राफिक प्रहरीका लागि आँखाको स्पष्ट दृष्टि अत्यन्त महत्वपूर्ण मानिन्छ। लामो समयसम्म धुलो, धुवाँ र घामको सम्पर्कमा रहँदा आँखामा विभिन्न समस्या देखिन सक्ने भएकाले नियमित परीक्षण र सुरक्षात्मक सामग्रीको प्रयोग आवश्यक रहेको चिकित्सकहरूको सुझाव छ।

प्रहरी दिवसलाई औपचारिक समारोहमा मात्र सीमित नराखी सुरक्षाकर्मीको स्वास्थ्य र सुरक्षासँग जोड्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको आयोजकको भनाइ छ। यसले कार्यक्षेत्रमा खटिने प्रहरी कर्मचारीको स्वास्थ्यप्रति सचेतना बढाउनुका साथै नियमित स्वास्थ्य परीक्षणको महत्वसमेत उजागर गरेको छ।

कार्यक्रममा जिल्ला प्रहरी कार्यालय रौतहटका प्रमुख एसपी सीताराम रिजाल, इलाका प्रहरी कार्यालय गरुडाका प्रमुख डीएसपी शंकर आचार्य, जिल्ला ट्राफिक प्रहरी कार्यालय चन्द्रनिगाहपुरका प्रमुख इन्स्पेक्टर राजेन्द्र थापामगरलगायत प्रहरी अधिकारी, सञ्चारकर्मी, बुद्धिजीवी तथा सुरक्षाकर्मीहरूको उपस्थिति थियो।

आँखाको स्वास्थ्यलाई प्राथमिकता दिँदै आयोजना गरिएको यस कार्यक्रमले सुरक्षाकर्मीको सेवा प्रभावकारी बनाउन शारीरिक स्वास्थ्यसँगै दृष्टिको सुरक्षामा पनि ध्यान दिनुपर्ने सन्देश दिएको छ।

# अपराधिक गतिविधि रोक्न जनसरोकारको माग



**टुडे समाचारदाता**

जनकपुरधाम । लागुऔषधको कारोबार तथा दुर्व्यसन नियन्त्रण गर्न र सामाजिक सञ्जालको दुरुपयोगबाट हुने अपराधिक गतिविधि रोक्न सरकारसँग जनसरोकार अभियानले माग गरेको छ।

शुक्रबार गृहमन्त्रीलाई जिल्ला प्रशासन कार्यालय धनुषामार्फत ज्ञापनपत्र बुझाउँदै धनुषा जिल्लमा लागुऔषधको अवैध कारोबार नियन्त्रण, सामाजिक सञ्जालबाट हुने चरित्रहत्या तथा धार्मिक र जातीय सद्भाव खलबल्याउने गतिविधिमा संलग्नलाई कानुनी कारबाही गर्न माग गरेको हो।

अभियानका अनुसार जिल्लामा लागुऔषध दुर्व्यसनमा संलग्न व्यक्तिहरूको संख्या बढ्दै गएको छ। लागुऔषध दुर्व्यसनसँगै चोरी, सामाजिक सञ्जालमा अभद्र टिप्पणी, व्यक्तिको चरित्रहत्या तथा समाजमा धार्मिक र जातीय विभाजन सिर्जना गर्ने गतिविधि भइरहेको ज्ञापनपत्रमा उल्लेख छ।

सामाजिक सञ्जालमार्फत वास्तविक घटनालाई अतिरञ्जित गर्ने, हुँदै नभएका घटनाबारे भ्रम फैलाउने र युवालाई अपराधिक गतिविधितर्फ प्रेरित गर्ने कार्यले सामाजिक सद्भावमा नकारात्मक असर पारेको अभियानको भनाइ छ।

अभियानले यस्ता गतिविधि नियन्त्रण गर्न राज्यले प्रभावकारी कदम चाल्न नसकेको आरोप लगाउँदै सामाजिक सञ्जालको कानुनसम्मत प्रयोग सुनिश्चित गर्न तथा गैरकानुनी गतिविधिमा संलग्नलाई कारबाहीको दायरामा ल्याउन जोडदार रुपमा माग गरेको छ।

यसैगरी, सीमापारिबाट अवैध रूपमा भित्रिने प्रतिबन्धित लागुऔषधको बिक्रीवितरण र उपलब्धता रोक्न सुरक्षा तथा नियमनकारी निकायलाई प्रभावकारी रूपमा परिचालन गर्नुपर्ने माग पनि ज्ञापनपत्रमा गरिएको छ।

जनकपुरधाम उपमहानगरपालिका-५ मा अमिन सफीमाथि भएको घटनाको निष्पक्ष छानबिन गरी दोषी ठहर हुने व्यक्ति तथा घटनामा संलग्न रहेको पुष्टि हुने सहयोगीलाई समेत कानुनी कारबाही गर्न अभियानले आग्रह समेत गरेको छ।

जनसरोकार अभियानका अध्यक्ष जितेन्द्र कुमार महासेठद्वारा हस्ताक्षरित ज्ञापनपत्र मधेश प्रदेश प्रहरी कार्यालय, जनकपुरधाम र जिल्ला प्रहरी कार्यालय धनुषालाई समेत बोधार्थ दिइएको छ।

# प्रशान्त झाद्वारा जसपा परित्याग

**टुडे समाचारदाता**

जनकपुरधाम । एक दशकभन्दा लामो समयदेखि मधेशकेन्द्रित राजनीतिमा सक्रिय रहँदै आएका जनता समाजवादी पार्टी (जसपा) नेपालका जनकपुर उपमहानगरपालिका समितिका नगर सचिव प्रशान्त झाले पार्टीको साधारण सदस्यतासमेत नरहने गरी राजीनामा दिएका छन् ।



तेस्रो मधेश आन्दोलनबाट आफ्नो राजनीतिक यात्रा सुरु गरेका झाले जनकपुरधाममा युवाहरूको नेतृत्व गर्दै सार्वजनिक तथा राजनीतिक जीवनमा सक्रियता बढाएका थिए। त्यसपछि तत्कालीन राष्ट्रिय जनता पार्टी नेपालनिकट राष्ट्रिय युवा संघको धनुषा जिल्ला अध्यक्षको जिम्मेवारी सम्हाल्दै उनले आफ्नो राजनीतिक यात्रालाई अघि बढाएका थिए।

पछि लोकतान्त्रिक समाजवादी पार्टी, नेपालमा आबद्ध भएका झा जनकपुर उपमहानगरपालिका समितिको नगर सचिवको जिम्मेवारीमा रहेर संगठन निर्माण तथा पार्टीका गतिविधिमा सक्रिय भए। लोसपा नेपाल र जनता समाजवादी पार्टी, नेपालबीच एकीकरणपछि पनि उनले नगर सचिवको जिम्मेवारी निर्वाह गर्दै आएका थिए।

लामो समय पार्टी संगठनमा सक्रिय रहेका झाले अब आफ्नो राजनीतिक सोच, प्राथमिकता र आगामी यात्रालाई नयाँ ढंगले अघि बढाउने निर्णय लिएको राजीनामा पत्रमा उल्लेख गरेका छन्। उनले आजकै मितिदेखि लागू हुने गरी पार्टीबाट अलग हुने घोषणा गरेका हुन्।

राजीनामा पत्रमा झाले पार्टीमा रहँदा सहयोग, माया र मार्गदर्शन गर्ने नेतृत्व, अग्रज, सहकर्मी, युवा साथी तथा शुभेच्छुकप्रति आभार व्यक्त गरेका छन्। तर, उनले पार्टी छाड्नुको ठोस कारण र आगामी राजनीतिक गन्तव्यबारे भने स्पष्ट खुलाएका छैनन् ।

# स्थानीय तहसँग प्रधानाध्यापक नियुक्तिको विवरण बारे ताकेता

**टुडे समाचारदाता**

रौतहट । शिक्षा विकास तथा समन्वय इकाइ, रौतहटले जिल्लाका १८ वटै स्थानीय तहलाई सामुदायिक विद्यालयका प्रधानाध्यापक नियुक्तिसम्बन्धी विवरण २४ घण्टाभित्र उपलब्ध गराउन ताकेता गरेको छ।




एकाइ प्रमुख नन्दकिशोर गुप्ताद्वारा जारी पत्रमा शिक्षा विभाग शासकीय सुधार, अनुगमन तथा अनुसन्धान शाखा, सानोठिमी भक्तपुरको निर्देशन तथा यसअघि पठाइएको पत्रअनुसार विवरण माग गरिए पनि हालसम्म आवश्यक सूचना प्राप्त नभएको उल्लेख गरिएको छ।

पत्रमा स्थानीय तहअन्तर्गत रहेका प्राथमिक, निम्न माध्यमिक र माध्यमिक तहका सामुदायिक विद्यालयमा प्रचलित कानुनबमोजिम प्रधानाध्यापक नियुक्ति भए वा नभएको यथार्थ विवरण उपलब्ध गराउन भनिएको छ । साथै, संलग्न ढाँचाअनुसार कार्यरत प्रधानाध्यापकहरूको विवरण पठाउन आग्रह गरिएको छ।

निर्धारित समयभित्र विवरण प्राप्त नभए सोही व्यहोरा उल्लेख गरी माथिल्लो निकायमा जानकारी गराइने चेतावनीसमेत पत्रमा दिइएको छ।

शिक्षा क्षेत्रमा लामो समयदेखि प्रधानाध्यापक नियुक्ति प्रक्रिया, योग्यता र कानुनी व्यवस्थाबारे विभिन्न प्रश्न उठिरहेका बेला शिक्षा विकास तथा समन्वय इकाइको यो कदमलाई अनुगमन र सुधार प्रक्रियाको एक महत्वपूर्ण पहलका रूपमा हेरिएको छ।


## कर्मचारी आवश्यकता

तीन दशक अगाडिदेखि वीमा क्षेत्रमा अग्रणी सेवा पुऱ्याउँदै आएको नेशनल लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेडको लागि निम्न लिखित योग्यता पुगेका इच्छुक उमेदवारको आवश्यक परेकाले यो सूचना प्रकाशित भएको मितिले सात दिनभित्र आफ्नो पूर्ण व्यक्तिगत विवरण (वायोडाटा) सहितको निवेदनका लागि आहवान गरिएको छ।

**पद** : **सहायक**
**कार्य क्षेत्र** : सिमरा, राजबिराज
**शैक्षिक योग्यता** : स्नातक
**कम्प्यूटर** : कम्प्यूटरमा दक्ष, नेपाली र अंग्रेजी टाईपिङ्ग अनिवार्य
**अनुभव** : जीवन वीमा व्यवसाय सम्बन्धी अनुभवी एवं स्थानिय व्यक्तिलाई विशेष ग्राहयता दिइने छ।
**तलब भत्ता तथा अन्य सुविधाहरू** : कम्पनीको नियमानुसार हुने।
**पुनश्च** : निवेदनमा सम्पर्क फोन नम्बर र पासपोर्ट साईजको फाटो अनिवार्य राख्न अनुरोध गरिन्छ। पर्न आएका निवेदनहरु मध्ये उपयुक्त छनौट गरिएका आवेदकहरुलाई मात्र अन्तर्वाताका लागि बोलाइनेछ।

National Life
for a secure future....
**प्रादेशिक कार्यालय मधेश – जनकपुर**
**फोन नं.: ०४१-०४१-५९०७११**

# जनकपुर टुडेको फेसबुक पेजमा विभिन्न पाठकहरुले पठाएका कविता/गजलहरु

## ।। घटस्थापना ।।

आयो आयो दसैँ आयो, खुसी बोकी साथ,
घटस्थापनाको दिनले, खोल्यो सुखको बाट।
जमरा राखी पूजा गरौँ, मनमा श्रद्धा राखी,
दुर्गा माताको आशीष मागौँ, दुवै हात जोडी।
माटोभित्र जमरा रोपौँ, शुद्ध मनले आज,
घरआँगनमा गुञ्जियोस्, खुसीको मीठो साज।
दियो बालौँ, फूल चढाऔँ, गरौँ माता ध्यान,
दुर्गा माताले पूरा गरून्, सबैको अरमान।
नौ दिनसम्म पूजा गरौँ, भक्तिभाव जगाई,
दुःख हटून्, सुख छाओस्, खुसी मनमा ल्याई।
रातो टीका, हरियो जमरा, दसैँको पहिचान,
घटस्थापनाले जगाउँछ, संस्कृतिको मान।
शान्ति छाओस् देशभरि, प्रेम बढोस् गाउँमा,
सुख र समृद्धि फैलियोस्, सबैको परिवारमा।
घटस्थापनाको शुभ दिनले, नयाँ आशा ल्याओस्,
दुर्गा माताको कृपाले, सबैको जीवन सजाओस्।



नाम: बब्लु शर्मा
ठेगाना: जनकपुरधाम -७,धनुषा

## ।। इतिहास बोकेको दशैं ।।

सत्यको विजयको कथा सुनाउँछ दशैं,
असत्यमाथि सत्यको दीप जलाउँछ दशैं।
त्रेतायुगमा रामले रावणलाई जितेको कथा,
धर्मको बाटोमा हिँड्न सिकाउँछ दशैं।
महिषासुरको अत्याचार जब बढ्दै गयो,
दुर्गा भवानीको शक्ति देखाउँछ दशैं।
जमरा राखी घटस्थापनादेखि पूजा गरिन्छ,
नौ दिनसम्म शक्तिको आराधना गराउँछ दशैं।
टीका, जमरा, आशीर्वाद, आफन्तको माया,
टाढिएका मनहरूलाई नजिक ल्याउँछ दशैं।
परदेशिएका छोराछोरी घर फर्किने आशा,
आमाबाबुको आँखामा खुसी सजाउँछ दशैं।
गरिबको झुपडीमा पनि खुसी फुलोस्,
सबैको जीवनमा सुखको फूल फुलाउँछ दशैं।



नाम:- निरज कुमार यादव
ठेगान :- लक्ष्मीनियाँ गा.पा.-३

## ।। जिउँदो लास ।।

यो संसारमा सबैलाई खुसी पार्न कहाँ सकिन्छ र?
जहाँ मानिसहरू भगवान्सँग त सन्तुष्ट छैनन्,
त्यहाँ हामी किरा-फट्याङ्ग्रा खाने पापी मान्छेसँग
कोही खुसी हुन्छ भनी आशा राख्नु नै व्यर्थ छ।
त्यसैले अब कसैलाई कुनै जवाफ नदेऊ,
मौन बस, चुपचाप सबै अन्याय सहिदेऊ।
समाजले नालायक भनोस्, बेवकुफ या बदतमीज,
तिमी आफ्नै भित्र एउटा शान्त विद्रोह बनिदेऊ।
सबैका इच्छाहरू पूरा गर्दागर्दै थाकेका छौ भने,
यो समाज, घर, आमा-बुबा र साथीभाइका लागि,
आफ्ना सारा रहर र भावनाहरूलाई मारेर,
अब एउटा 'जिउँदो लास' बनिहाल्नु नै ठीक छ।
जब तिमी बोल्न छोडिदिन्छौ, प्रश्न गर्न छोडिदिन्छौ,
तब यो स्वार्थी संसारका लागि सबैथोक ठीक भइदिन्छ।



नाम : सञ्जय कुमार यादव
ठेगाना: मधेश प्रदेश, धनुषा, मुखियापट्टी मुसहरनिया

## ।। गजल ।।

बाप माए के देवता बुझै छै
कहाँ लोक माए बाप पुजै छै
बाहर मे करै छै नाउ मन बराई
अपन टेटर कहाँ सुझै छै
केह जवाना भगेलै कि कहुँ
लोकक बात सुइन लोक कुदै छै
अपने घुमै छै अबरा जेना भाई
भैया सँ पाई बार बार चुसै छै
अपना पैर प कहिया ठार होतै उ
अनके बात सुइन रूठै छै



धनेश्वर ठाकुर
धनुषाधाम, ४ लक्ष्मीपुर
हाल सात समुद्र पार दोहा कतार

## ।। मायाको मोल ।।

यहाँ माया नै मायाको खेल भएछ
मन मुटु दिएर पनि मायामा फेल भएछ।
के गर्नु त्यो झुटो आस पलाएर
यहाँ आफ्नो प्रियलाई अरुको सपनाको जेल भएछ।।
ठूला ठूला सपना देखायो मलाई
आफ्नै बनाउँछु भनी फकायो मलाई।
तिम्रो सफलता नै मायाको जरो हो भनि भन्यो
तिमी आफ्नो पहिचान बनाए मात्र पाउछौ मलाई।।
मैले नि उसैको लागि आफूलाई सक्षम बनाए
उसैलाई पाउन भएपनि भविष्य उज्ज्वल बनाए
उसको कुरा सुनेर सोचे सबै एकै नाश नहुँदो रहेछ
उ नै मेरो प्राण उ नै मेरो जहान भनी मनमा सजाए।।
फेरि थाहा पाए यो दुनिया गोल भयो।
त्यसैले होला मसँग ठूलो झोल भयो।
जसको लागि आफूलाई बदलिदिए
आज उ त अरुकै सिउँदोको मोल भयो।।



नाम :शुशिला महतो (शिक्षिका)
ठेगाना: धनुषाधाम

## ।। लुकेको माया ।।

आँखाबाट आसु झरि रहन्छ
मायाको पछि मन भागी रहन्छ।
मेरो मनले उसलाई रोजेको थियो
आज हेर एकान्त )मा तेही मन
रोइ रहन्छ।
मेरो मनले गलत ग-यो कि मन सँग सोधि रहन्छु
मेरो मनबाट आवाज आयो,कि तिमीले रोजेको मान्छे नै गलत
थियो।।।
मायामा ) म हरेक थोक लुटाको थिए
चन्द्र र सूर्य छोडेर आफ्नो छायाँ पनि दिएको थिए।।।



लेखक : पुजा कुमारी पंडित
घर : जनकनन्दिनी गाउँपालिका - ४ खजुरी

## ।। पसिनाको मूल्य ।।

बिहानको निद्रा र दिउँसोको चर्को घामले
कहाँ छेक्न सक्छ र किसानलाई यहाँ ?
कहिले बजार भाउ त कहिले डुवानीले
किसानको ढाड सेकेको कसले देख्छ यहाँ ?
देख्दैनन् हातका ठेला र फुटेका कुर्कुच्चा,
देख्छन् यता र केवल कामको सहजता,
बुझ्दैनन् कहिल्यै श्रम र पसिनाको मूल्य,
अनि 'मोल' नपाउँदा भएको विवशता ।
देख्दैन यो संसारले मेलापातको समय
मल र बीउ नपाएर पिरोलिएको मन ,
कहिले खडेरी त कहिले बाढीले गर्दा
कृषक जिउँदै मर्कामा परेको यो क्षण ।
यहाँ पाउँदैनन् किसानले फसलको मूल्य
न त पाउँछन् सम्मान र इज्जत नै ,
यदि नजागे किसान पाखुरा चलाउनलाई
धौधौ हुनेछ अब अस्तित्व जोगाउनलाई ।



लेखक :पर्वत राज रखाल (पर्खाल धनुषा)
ठेगाना : ग. चा.न.पा.१ (धनुषा)

## ।। जनताक पीडा - शिक्षा, स्वास्थ्य आ बेरोजगारी ।।

विद्यालयमे शिक्षा नहि, कोना भविष्य बनतै?
अस्पतालमे उपचार नहि, गरीबक प्राण बचतै?
डिग्री लऽ कऽ युवा घुमै, रोजगार कतऽ पाओत?
अपनहि देशक माटि पर ओ, कहिया सुखसँ खाओत?
गरीबक बच्चा सपना देखै, पढ़ि-लिखि आगू बढ़बाक, मुदा अभावक
मारि सहै, अवसर नहि भेटबाक। बीमार पड़ल परिवार, आँखिमे नोर
बहाबै, पैसाक अभावमे गरीब, इलाज लेल तरसै।
युवाक हाथमे डिग्री अछि, मुदा काज नहि भेटै, माता-पिताक आँखिक
सपना, धीरे-धीरे टूटै। नेता सभ वादा करैथ, विकासक गीत सुनबैथ,
चुनाव बीतिते जनता कैँ, फेर बिसरा देबैथ।
आब जनता जागत, अपन अधिकार मँगत, शिक्षा, स्वास्थ्य, रोजगारक
आवाज बुलन्द करत। नहि चाही खोखला वादा, नहि चाही झूठक
आस, जनताक जीवन बदलय, बस एतबे अछि प्रयास।
गाम-गाममे विद्यालय हो, अस्पतालमे उपचार, युवाक हाथमे काज
रहय, हर घरमे खुशियाली अपार। जाति-धर्मसँ ऊपर उठि, जनता एक
भऽ जाय, शिक्षा, स्वास्थ्य आ रोजगारसँ, नव मिथिला बनि जाय।
जय जनता! जय मिथिला!



भागचरण यादव
जनकपुरधाम १४
चान्दनी चौक

## ।। चरित्र।।

केकरो बेटा दुर घटनामे मरलै त
केकरो बेटी उरहइर गेलै
अइस घरमे कि असर परलै
केकरो जमाइ बिदेस गेलै त
केकरो पुतोहु दोसरा जौरे चैलगेलइ त
समाजमे कि असर परलै
बुझि इ बात सोचि इ तिरिया
चरित्र के अभिसाप
परम्परागत पेशा सब अपनइने छै
ओकरे अपग्रेडिङ भेल छै बुझि इ बात
शिक्षा आ हुन्नर दु पहलु समझी इ बात
शिप आ हुन्नर लेबर स सुरुवात होइछै तखन मिस्तिरि बनैछै
शिक्षा पिजि स सुरुवात होइत डिग्री तक जाक मनोनित होइछै
व्यापार एगो अवधारणा हइ पुँजि लगानि के सुरुवात हइ बुझि इ
बात
नौकरी आ मिस्तिरियै लोकसेवा के हालचाल हइ सम्झि इ खास
बात
सेवा द क मेवा सबके चाहि बुझि इ बात
कइला त हितकर लागि किसान चाहबेकरि
जियके लागि अनाज चाहि वहिके साथ ढौवा रुपैयाँ के बराबर
मे तालमेल होबक चाहि
नरम गरम बात शिक्षा स जुइडक शिप तरफ ध्यानाकर्षण बहुत
जरुरि हइ
पुराने जैविक पेशा के अपग्रेडेड दुनिया मे हम आहाँ
जिउ सँस्कारी स्वभाव स बुझि आ बुझाउ सबके इ बात
सँवैधानिक कानुन स बनहाइल छि हम आहाँ सम्झि इ बात



कवि प्रमोद राम
जनकपुरधाम

## ।। गजल।।

यो माटोको सुगन्धभन्दा प्यारो केही छैन,
मेरो देशभन्दा ठूलो मेरो केही छैन।
हिमालको शिर उठेको देख्दा गर्व लाग्छ मलाई,
यो भूमिभन्दा पवित्र मेरो भावना केही छैन।
तराईको खेतदेखि पहाड का हरिया डाँडासम्म,
नेपालभन्दा सुन्दर मेरो कल्पना केही छैन।
जात फरक , भाषा फरक ,मन एउटै बनोस्,
राष्ट्रभन्दा माथि कुनै पहिचान न बनोस।
बिदेश बनाउनुभन्दा देश बनाउन सिकौं हामी,
देशप्रतिको जिम्मेवारीभन्दा ठूलो धर्म केही छैन।
जहाँ पुगे पनि मुटुमा नेपाल बोकेर हिंडौ,
आफ्नो मातृभूमिभन्दा प्रिय यो संसारमा केही छैन।
लुटेर भन्दा जुटेर बनाउ आफ्नो देश ,
संसार को लागी दिउ उपदेश



लेखक:- बिरेन्द्र कुमार चौधरी
ठेगान:- हरिहरपुर

## ।। एक पाइलाः अहिंसाका लागि ।।

आफ्नो प्राण प्यारो भै ,
उसको पनि जीवन अवश्य होला।
बोल्न नसक्ने कै कारण,
के उसको पीडा सानो होला?
बाकी दिन राक्षसी र दानवता देखाउने,
श्रावणमा किन देवता बन्न पुगेको होलान् ।
ईश्वरलाइ त सबै थाहा नै छ,
र,पनि कसलाइ तिमि ठग्न खोजेको होलान् ।
एका तर्फ दसैंको खुशी,
अर्को तर्फ बलिप्रथाको व्यथा ।
सम्फिन्न सकिन मैले के हो यो?
यदि यो धर्म हो भने अधर्म के हो?
यदि यो मानवता हो भने !
दानवता के हो? भने सम्झाइदिनुस् ।
तनलाइ धोए पनि किन ?
मनलाइ नधोएको होला?
हिंसाको पथ त्यागी किन ?
अहिंसाको बाटो हिडेको होला?
वेद,कुराण,बाइबल सबैका एक पुकार
मानवता,अहिंसा,शान्ती सबैका साझा विचार।



इन्द्रिजत कुमार सिंह
भंगहा न.पा.-४ रामनगर बिर्ता

## ।। आतङ्कको गहिराई ।।

आतङ्कको गहिराई यति विस्तृत हुन्छ त्यसले कालान्तरसम्म दुःख दिन सक्छ आतङ्कको जन्म किन, कसले, कसरी गरायो ? त्यसको जड पत्ता लगाउने काम किन हरायो ?

अमेरिकी, युरोप वासिहरुले सोच्नुपर्ने बेला आएको छ जीवन मधुरम बन्नुपर्ने भावना किन सल्किरहेछ ? रकेट, तोप र गोलीले आतङ्क निमिट्यान्न हुन सक्ने भए पहिले नै यो विश्ववासिन्दा आरामसंग सुस्ताउने थिए।।

तर किन अनाहक बवण्डर मच्चिरहेछ आतङ्क झन्झन् बढिरहेछ? क्षणिक समाधानको उपायले के भयो र गहन सोच्नु पर्ने बेला छ।

आतङ्ककारीले झुठमुठ नै बोलेर गएको छ कति विश्व सतर्क भई रहनुपर्ने भएको छ आजको स्थिति समाधानको खोजी गर चाँडो, किन आतङ्क जन्मिरहेछ ?

यो क्रिया थामिदा विश्वजन रमाइलोसँग जीवन यापन गर्न सक्छ ।।



लेखक: मनिष कुमार महतो
ठेगाना: मिथिला नगरपालिका-३, हरिहरपुर, धनुषा
पेशा: विद्यार्थी

# 'आ बाट आमा २'को दसैं गीतमा छमछमी नाचे पलदेखि मलिकासम्म

काठमाण्डु। चन्द्र पन्तको निर्देशनमा बनेको फिल्म 'आ बाट आमा २'को टिजर र 'अचेल किन कान्छी' गीत यतिबेला चर्चामा छन् । यी दुवै सामग्रीले युट्युबमा ५० लाखभन्दा बढी भ्यूज पाइसकेको अवस्थामा बिहीबार निर्माण पक्षले दसैं गीत 'क्या दामी देखियो' सार्वजनिक गरेको छ । गीतमा परदेशीको प्रसंगदेखि दसैंमा लगाइने टीका जनरासम्मका विषय समेटिएका छन् ।



बाबुल गिरी, रचना रिमाल, रवि ओड र जुनु रिजालको स्वर रहेको गीतमा शब्द तथा संगीत बाबुल स्वयंको हो । गीतको भिडियोमा फिल्मका मुख्य कलाकारहरू विपना थापा, प्रदीप रावत, पल शाह, आकाश श्रेष्ठ, साइग्रेस पोखरेल, मलिका महत, निकिता आचार्यलगायतले अभिनय गरेका छन् । गम्भीर विष्टको कोरियोग्राफी रहेको भिडियोमा दसैंको माहोल देखाइएको छ ।

असोज ३० गतेबाट प्रदर्शनमा आउने यस फिल्ममा सविन श्रेष्ठ, गजित विष्ट, नरेन खड्का, दीलिप अखेडा, बेगम नेपाली (भटभटे माइला) लगायतका कलाकारहरूको पनि अभिनय छ । दिवंगत भारतीय कलाकार प्रदीप रावतको यो अन्तिम नेपाली फिल्म हो । 'मेरो डान्स युनिभर्स २'की विजेता रिस्ता गुरुङले यही फिल्मबाट अभिनेत्रीको रूपमा डेब्यू गरेकी छन् ।

आर्या इन्टरटेनमेन्टको प्रस्तुति रहेको फिल्ममा चन्द्र पन्तको कथा तथा पटकथा, सन्तोष भट्टको संवाद, साहिल खान र मिलन श्रेष्ठको सम्पादन, नवराज उप्रेतीको छायांकन, एलिस कार्कीको पार्श्व संगीत, राजेन्द्र मोक्तानको रंग संयोजन तथा राम-लक्ष्मण सेन्चुरीको द्वन्द्व निर्देशन छ । फिल्मले आमा-छोराको सम्बन्धलाई केन्द्रमा राखेर वैदेशिक रोजगारीको कथा प्रस्तुत गरेको छ ।

# डबिङ र लिपसिङ्क बिग्रिएपछि 'टनेल २६'ले रोक्यो रिलिज

काठमाण्डु । नेपाल, भुटान र भारतको सहकार्यमा निर्माण भएको जोम्बी फिल्म 'टनेल २६' शुक्रबार बाट सार्वजनिक प्रदर्शनमा आउने तयारीमा थियो। केही मल्टीप्लेक्समा फिल्मको टिकट बुकिङ समेत खुला भइसकेको थियो । तर, बिहीबार साँझ ललितपुरको लबिम हलमा आयोजित प्रिमियरपछि निर्माण पक्षले अचानक फिल्मको प्रदर्शन स्थगित गर्ने निर्णय गऱ्यो ।

बिहीबार मध्यरातमा निर्माता कम्पनी सांगे सेल्ट्रिम फिल्म्स र पिक एक्सभीले संयुक्त रूपमा विज्ञप्ति जारी गर्दै फिल्मलाई विश्वव्यापी एकसाथ रिलिज गर्ने गरी तत्काललाई प्रदर्शन स्थगित गरिएको जनाएको छ। अब फिल्मलाई नेपाली, भुटानी, हिन्दी र अंग्रेजी भाषामा विश्वका विभिन्न देशमा एकसाथ प्रदर्शन गरिने विज्ञप्तिमा उल्लेख छ।

तर, निर्माण पक्षले फिल्मको प्रदर्शन स्थगित गर्नुको कारण विश्वव्यापी रिलिजको तयारीलाई देखाए पनि यथार्थमा भने कुरा अर्कै छ । प्रिमियरमा फिल्म हेर्ने अधिकांशले स्वरांकन (डबिङ) र लिपसिङ्कमा ठूलो समस्या रहेको औंल्याएका थिए। यसले फिल्मलाई नै बिगारेको प्रतिक्रिया आएपछि प्रिमियरकै मध्यरातमा आकस्मिक बैठक बस्दै निर्माण पक्षले प्रदर्शन स्थगितको निर्णय गरेको हो ।

भुटानी भाषामा निर्माण भएको 'टनेल २६'लाई नेपाली भाषामा डबिङ गरिएको छ।

# युवालाई उद्यमशीलता र नवप्रवर्तनमा जोड्न अनुकूल वातावरण बनाउँदै छौँ: सञ्चारमन्त्री

काठमाण्डु । सूचना तथा सञ्चारमन्त्री डा. विक्रम तिमिल्सिनाले युवा शक्तिलाई उद्यमशीलता र नवप्रवर्तनमा जोड्न सरकारले अनुकूल वातावरण निर्माण गरिरहेको बताउनुभएको छ।

नेपाल बिजनेस इन्स्टिच्युट र बैंक तथा वित्तीय संस्था परिसङ्घ नेपाल (सिबिफिन) द्वारा आयोजित पाँचौँ संस्करणको 'नेपाल युवा उद्यमशीलता सम्मेलन २०२६' लाई सम्बोधन गर्दै उहाँले युवाको ज्ञान, सीप, सिर्जनशीलता र प्रविधिको उपयोगबाट मुलुकको आर्थिक समृद्धि हासिल गर्न सकिने बताउनुभयो।

उहाँले अनुसन्धान र नवप्रवर्तनमा लगानी बढाएर युवालाई स्वदेशमै आफ्ना सपना पूरा गर्ने तथा आर्थिक समुन्नति हासिल गर्ने अवसर दिनुपर्नेमा जोड दिनुभयो। यसका लागि सरकारले अनुकूल वातावरण बनाउने र निजी क्षेत्रले सहकार्य गर्नुपर्ने उहाँको भनाइ थियो।

विश्वभर युवा पुस्ताको उद्यमशीलताप्रतिको आकर्षण र संलग्नता बढ्दै गएको उल्लेख गर्दै सञ्चारमन्त्री तिमिल्सिनाले नेपालमा पनि युवाको क्षमता र सम्भावनालाई उत्पादन, सेवा तथा प्रविधिका क्षेत्रमा उपयोग गर्न सहजीकरण भइरहेको बताउनुभयो। उद्यमशीलता र नवप्रवर्तनको विकासका लागि सरकार, निजी क्षेत्र, शैक्षिक संस्था र अन्य सरोकारवाला निकायबीच समन्वय तथा सहकार्य आवश्यक रहेको उहाँले बताउनुभयो।

सूचना प्रविधिका क्षेत्रमा नयाँ जनशक्ति र विज्ञ विकास




हुँदै गएको उल्लेख गर्दै उहाँले त्यसलाई मुलुकको आर्थिक रूपान्तरणको अवसरका रूपमा उपयोग गर्न सरकार प्रतिबद्ध रहेको बताउनुभयो।

ठूलो संख्यामा नेपाली युवा वैदेशिक रोजगारीका लागि विदेश गइरहेको अवस्थामा सूचना प्रविधिको माध्यमबाट विश्व बजारमा नेपाली सेवा पुर्‍याउन सकिने उहाँको भनाइ थियो ।

"अब हामीले श्रम र जनशक्ति होइन, सेवा बेच्ने दिशामा अघि बढ्नुपर्छ। सूचना प्रविधिको माध्यमबाट नेपालमै बसेर विश्वभर सेवा दिन सकिन्छ। यसले युवाका लागि स्वदेशमै अवसर सिर्जना गर्नुका साथै मुलुकको अर्थतन्त्रमा समेत योगदान पुर्‍याउन सक्छ," उहाँले भन्नुभयो।

सूचना प्रविधिको सम्भावना उपयोग गर्न डिजिटल विभाजन अन्त्य गर्ने, इन्टरनेटको पहुँच विस्तार गर्ने र सेवाको गुणस्तर सुधार गर्ने कामलाई सरकारले प्राथमिकता दिएको उहाँले बताउनुभयो। दूरसञ्चार क्षेत्रमा उल्लेखनीय प्रगति हासिल गर्ने लक्ष्यसहित यसै वर्ष फाइभ-जी सेवा सुरु गर्ने गरी काम भइरहेको उहाँको भनाइ थियो।

सूचना प्रविधिका क्षेत्रमा उपलब्ध अवसरबाट मुलुकले बढी आर्थिक लाभ लिन सक्ने उपायबारे सम्बन्धित निकायसँग छलफल भइरहेको जानकारी दिँदै उहाँले प्रविधिको विस्तारलाई रोजगारी, उत्पादन र आर्थिक गतिविधिसँग जोड्नुपर्ने बताउनुभयो।

प्रविधि र मानवीय सिर्जनशीलताबीचको सम्बन्धमा जोड दिँदै सञ्चारमन्त्री तिमिल्सिनाले प्रविधिले काम गर्ने तरिका परिवर्तन गर्न सक्ने भए पनि मानिसको महत्त्व घटाउने नभई उसको क्षमता अभिवृद्धि गर्ने माध्यमका रूपमा प्रयोग गर्नुपर्ने धारणा राख्नुभयो।

"प्रविधिलाई मानवीय सिर्जनासँग जोड्न सक्नुपर्छ र त्यसबाट अधिकतम लाभ लिनुपर्छ। सूचना प्रविधिले कामको प्रकृति परिवर्तन गर्न सक्छ, तर यसले मानिसको महत्त्व घटाएको छैन। प्रविधिलाई एउटा उपकरणका रूपमा प्रयोग गरेर त्यसबाट लाभ लिन सक्नुपर्छ," उहाँले भन्नुभयो।

सरकारको जिम्मेवारी नीति निर्माणमा मात्र सीमित नहुने उल्लेख गर्दै उहाँले नीतिको प्रभावकारी कार्यान्वयनमार्फत नागरिक, उद्यमी र समग्र अर्थतन्त्रले प्रत्यक्ष लाभ प्राप्त गर्ने अवस्था निर्माण गरिने बताउनुभयो।

शिक्षा र सीप विकासको बदलिँदो प्रवृत्तिबारे चर्चा गर्दै उहाँले विगतमा शैक्षिक योग्यता हासिल गर्नुलाई बढी प्राथमिकता दिने गरिएकामा अहिले भविष्यमा आवश्यक पर्ने सीप र क्षमतामा आधारित शिक्षातर्फ ध्यान बढ्दै गएको बताउनुभयो। युवालाई बजारको मागअनुसार दक्ष बनाउँदै उद्यमशीलताका लागि तयार गर्नुपर्ने उहाँको भनाइ थियो।

राष्ट्रिय योजना आयोगका सदस्य डा. सुदन झाले कृत्रिम बौद्धिकता (एआई) का क्षेत्रमा नेपालको अवस्था सुधार हुँदै गए पनि अझै कमजोर रहेको बताउनुभयो। उहाँले एआई र उद्यमशीलताका क्षेत्रमा नेपाली युवाको सहभागिता बढ्दै गएको तथा सूचना प्रविधिका क्षेत्रमा लगानीसमेत विस्तार भइरहेको उल्लेख गर्नुभयो। यस अवसरको उपयोग गर्न सरकारले एआईसम्बन्धी नीतिको प्रभावकारी कार्यान्वयनलाई प्राथमिकता दिएको उहाँले बताउनुभयो।

डा. झाले एआईको उपयोगबाट सरकारी सेवा प्रवाह प्रभावकारी बनाउन, अर्थतन्त्रमा योगदान बढाउन, तथ्याङ्कको सुरक्षा सुनिश्चित गर्न तथा विभिन्न क्षेत्रमा रोजगारीका अवसर सिर्जना गर्न सकिने बताउनुभयो। उत्पादन र उत्पादकत्व वृद्धि गरी अर्थतन्त्रलाई थप प्रतिस्पर्धी बनाउनसमेत एआईले महत्वपूर्ण भूमिका खेल्न सक्ने उहाँको भनाइ थियो।

एआईले विभिन्न समस्या समाधान गर्न सहज बनाउनुका साथै कामको दक्षता बढाउन सहयोग गरिरहेको उल्लेख गर्दै उहाँले यस प्रविधिको उचित उपयोगबाट नेपालले पनि लाभ लिन सक्ने बताउनुभयो। रासस

## तीनै तहका सरकारबीच सहकार्यबाट नागरिकको अवस्था सुधार्नुपर्नेमा जोड



सुदूरपश्चिम । सुदूरपश्चिम प्रदेशका सामाजिक विकासमन्त्री सन्तोषकुमारी शर्मा थापाले नागरिकको सामाजिक तथा आर्थिक अवस्था सुधारका लागि सङ्घ, प्रदेश र स्थानीय तहबीच सहकार्य र समन्वय आवश्यक रहेको बताउनुभएको छ ।

जिल्ला समन्वय समिति कैलालीद्वारा शुक्रबार आयोजित वार्षिक समीक्षा तथा असल अभ्यास आदानप्रदान कार्यक्रममा उहाँले विकास निर्माणका क्षेत्रमा देखिएका समस्या समाधान गर्न तीनै तहका सरकारले नियमित संवाद र सहकार्यलाई प्रभावकारी बनाउनुपर्नेमा जोड दिनुभयो ।

मन्त्री शर्माले नागरिकले प्रत्यक्ष लाभ पाउने योजनालाई प्राथमिकता दिन र अधुरा योजनालाई सम्पन्न गर्ने गरी काम गर्न आग्रह गर्नुभयो । विकासका कार्यक्रम नागरिकको आवश्यकता र अपेक्षाअनुसार कार्यान्वयन हुनुपर्ने उहाँको भनाइ थियो ।

आन्तरिक मामिला तथा कानुनमन्त्री खुशीराम डगौरा थारुले सुशासनलाई प्राथमिकतामा राख्दै प्रदेशको समग्र विकासका लागि सहकार्य र सहअस्तित्वको भावनासहित अघि बढ्नुपर्ने बताउनुभयो । उहाँले सङ्घीयतामाथि उठेका प्रश्नको सही ढङ्गले जवाफ दिने दायित्व प्रदेश तथा स्थानीय तहको पनि भएको उल्लेख गर्दै उपलब्ध स्रोतको उचित सदुपयोग र परिचालनमा ध्यान दिन आग्रह गर्नुभयो ।

"कानुनी र क्षेत्राधिकारसम्बन्धी समस्या छन् । सङ्घीयतालाई बलियो बनाउन ती समस्यालाई सम्बोधन गर्नुपर्ने आवश्यकता छ । तथापि, प्राप्त अधिकारको प्रयोग गर्दै सुशासन, सहअस्तित्व र एकताको भावनासहित स्रोतको सदुपयोग र सही परिचालनमा ध्यान दिऔँ", उहाँले भन्नुभयो ।

कार्यक्रममा भौतिक पूर्वाधार विकास राज्यमन्त्री जानकी कुँवर, उद्योग, पर्यटन, वन तथा वातावरण राज्यमन्त्री इन्दिरा गिरी, जिल्ला समन्वय समिति कैलालीका प्रमुख टीका चौधरी (भुल) र उपप्रमुख खगराज भुसाललगायतले स्थानीय विशेषता र आवश्यकताका आधारमा नीति, योजना तथा कार्यक्रम छनोट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्नेमा जोड दिनुभयो ।

उहाँहरूले विकास निर्माणका कामलाई प्रभावकारी बनाउन सम्बन्धित निकायबीच समन्वय, सहकार्य र नियमित अनुगमन आवश्यक रहेको धारणा राख्नुभयो । रासस

## मन्त्री चौधरीद्वारा थारू आयोगका विभिन्न प्रतिवेदन सार्वजनिक

काठमाण्डु । कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीले थारू आयोगका विभिन्न प्रतिवेदन सार्वजनिक गर्नुभएको छ ।

थारू आयोगको कार्यालयमा आज आयोजित कार्यक्रममा थारू अगुवा तथा विज्ञहरूको सहभागितामा उहाँले प्रतिवेदन सार्वजनिक गर्नुभएको हो । थारू जातिको



लोक चित्रकाल, थारू समुदायको खाद्य परिकार, थारू लेखनशैली निर्देशिका, थारू समुदायः सिकल सेल एनिमिया र बिटा थपलिया, मुक्तकमैया तथा कमलहरीहरुको अवस्था, थारू समुदायको बलिदानीको इतिहासलगायत प्रतिवेदन सार्वजनिक गरिएको छ ।

कार्यक्रममा मन्त्री चौधरीले प्रतिवेदनमा समेटिएका विषयहरूको प्रभावकारी कार्यान्वयनका लागि थारू अगुवाहरूले पनि पहल गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले प्रतिवेदन कार्यान्वयनमार्फत थारू समुदायका समस्या सम्बोधन गर्न सम्बन्धित पक्षको सक्रियता आवश्यक रहेको बताउनुभयो । रासस

# प्रधानमन्त्री कार्यालयको पछिल्लो प्रगति सार्वजनिक

काठमाण्डु । प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले पछिल्लो एक साताको कार्यप्रगति सार्वजनिक गरेको छ । आज यहाँ आयोजित नियमित पत्रकार सम्मेलनमा यही असोज १८ गतेदेखि २३ सम्मको प्रगति विवरण सार्वजनिक गरिएको हो ।



प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका प्रवक्ता सहसचिव हेमराज अर्यालका अनुसार हाल राष्ट्रिय एक्सप्रेस लगानी प्रणाली (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८३ को मस्यौदा निर्माण भइरहेको छ । लगानीसम्बन्धी आधिकारिक सूचना, प्रक्रिया, आवश्यक स्वीकृति, कागजात, शुल्क, समय सीमा तथा जिम्मेवार निकायको जानकारी एकैस्थानबाट उपलब्ध गराउने उद्देश्यले कार्यविधि निर्माण गर्न लागिएको उहाँले बताउनुभयो ।

प्रवक्ता अर्यालका अनुसार कार्यविधिमा लगानीसम्बन्धी सरकारी सेवालाई क्रमशः एउटै डिजिटल माध्यममा आबद्ध गर्ने, एउटै लगानीकर्ता वा परियोजनाका साझा विवरण तथा कागजात पुनःप्रयोग गरी अनावश्यक दोहोरोपन हटाउने, कानूनले क्रमिक प्रक्रिया अनिवार्य नगरेका सेवा समानान्तर रूपमा सञ्चालन गर्नेछ ।

साथै आवेदनलाई सम्बन्धित अधिकार प्राप्त निकायमा प्रणालीगत रूपमा पठाउने, सङ्घ, प्रदेश तथा स्थानीय तहका सरकारी प्रणालीबीच सुरक्षित अन्तरसञ्चालन कायम गर्नेछ । कार्यविधिमा आवेदनको अवस्था, सेवा समय, जिम्मेवार निकाय, बाँकी कार्य तथा निर्णयको अवस्था लगानीकर्तालाई देखाउने, पूर्वलगानीदेखि सञ्चालन, विस्तार, पुनर्लगानी तथा बहिर्गमनसम्म प्रक्रियागत सहजीकरण उपलब्ध गराउनेलगायतका उद्देश्य समेटिएको छ ।

प्रवक्ता अर्यालका अनुसार यसबीचमा सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय र अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा २२ बमोजिमका विषयगत समितिका सचिवहरूसँग छलफल एवम् अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको छ । अन्तरक्रिया कार्यक्रममा भएका आठ बुँदे निर्णयहरू आवश्यक कार्यान्वयनका लागि विषयगत समिति रहेका सम्बन्धित मन्त्रालयहरूमा प्रेषित गरिएको छ ।

उहाँले सङ्घीय सरकार र जेनजी आन्दोलनका प्रतिनिधिबीच गत वर्षको मङ्सिर २४ गते भएको सम्झौता कार्यान्वयनका सन्दर्भमा सहजीकरणका लागि गठित समितिले गरेका निर्णयहरू कार्यान्वयनका लागि सम्बन्धित मन्त्रालयमा प्रेषित गरिएको छ । त्यसैगरी कूटनीतिक मामिलासम्बन्धी समन्वय तथा प्रदेश समन्वय परिषद्का निर्णय कार्यान्वयनको अवस्थाका बारेमा यही असोज १९ गते कोशी प्रदेशको राजधानी विराटनगरमा अन्तरक्रिया र छलफल भएको छ ।

सूचना प्राविधि सम्बन्धमा मन्त्रालय तथा निकायहरूबाट माग भई आएका साझा प्रकृतिका तथा राष्ट्रिय महत्त्वका तपशिल बमोजिमका नौ वटा प्रणालीहरूको विकास, परिमार्जन, स्तरोन्नति तथा मर्मत सम्भारको कार्य 'सफ्टवेयर' विकास तथा सञ्चालन केन्द्रमार्फत गर्ने र सो कार्यका लागि सफ्टवेयर विकास तथा सञ्चालन केन्द्रमा नियुक्ति प्रक्रिया अगाडि बढाइएको छ ।

विद्युतीय सरकारी खरिद प्रणाली (इजीपी) संस्करण-२, स्थानीय तहको बजेट तथा लेखा प्रणाली (सूत्र) २.० विकास गर्ने तथा सरकारी एकीकृत कार्यालय व्यवस्थापन प्रणाली (जिआइओएमएस), नागरिक एप, सरकारी वेबसाइट व्यवस्थापन प्रणाली (जिआइडब्लूएमएस), केन्द्रीयकृत विद्युतीय हाजिरी प्रणाली र हेलो सरकार प्रणालीको स्तरोन्नति, परिमार्जन तथा मर्मतसम्भार गर्ने कार्य अघि बढाएको छ । त्यसैगरी, खुला स्रोतमा आधारित सञ्चालन प्रणाली तथा कार्यालयसम्बन्धी सफ्टवेयर प्याकेज विकास तथा प्रयोग गर्ने योजना पनि अघि सारिएको छ ।

सरकारले सरकारी एकीकृत कार्यालय व्यवस्थापन प्रणाली (जिआइओएमएस) लाई बहुसंस्था तथा बहुकार्यालयबाट सञ्चालन गर्न सकिने प्रणालीका रूपमा विकास गर्ने कार्यसमेत अघि बढाएको छ। यसबाट सङ्घीय मन्त्रालय तथा निकाय र प्रदेश सरकारअन्तर्गतका कार्यालयले सहज रूपमा प्रणाली सञ्चालन गर्न सक्ने अपेक्षा गरिएको छ ।

कार्यालयका अनुसार यस अवधिमा सरसफाई सप्ताह सञ्चालन मार्गदर्शन, २०८३ बमोजिम सबै निकायहरूले आ-आफ्नो निकायसँग सम्बन्धित सरसफाइ सूचक हासिल गर्न यही असोज २२ गतेदेखि २८ गतेसम्म सरसफाइ कार्यक्रम सञ्चालन गरिएको छ। सहसचिव अर्यालका अनुसार भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्र सङ्घीय महासन्धीको कार्यान्वयन कार्ययोजनासम्बन्धी अभिमुखीकरण कार्यक्रम दोलखा र रामेछाप जिल्लामा सम्पन्न गरिएको । रासस

# व्यवसायमैत्री कानुन निर्माण आवश्यक छ : अध्यक्ष श्रेष्ठ

ललितपुर । नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष अञ्जन श्रेष्ठले व्यवसायमैत्री कानुन निर्माण र नीतिगत सुधारमा निजी क्षेत्रको सहभागिता आवश्यक रहेको बताउनुभएको छ ।



ललितपुर उद्योग वाणिज्य सङ्घको शुक्रबार आयोजित ४७औँ वार्षिक साधारणसभाको उद्घाटन गर्दै उहाँले सरकारसँग व्यवसायमैत्री कानुन निर्माण र नीतिगत सुधारका विषयमा महासङ्घले निरन्तर संवाद गरिरहेको जानकारी बताउनुभयो ।

अध्यक्ष श्रेष्ठले व्यवसायसँग सम्बन्धित कानुन तथा अध्यादेशमा सुधारका लागि सुझाव दिइएको र हालै ३६ बुँदे सुझावपत्र सरकारसमक्ष पेस गरिएकोसमेत जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "नीति निर्माण र कानुनी सुधारका छलफलमा निजी क्षेत्रलाई औपचारिक उपस्थितिमा मात्रै सीमित गर्नु हुँदैन, निजी क्षेत्रलाई केवल साक्षीका रूपमा होइन, मुख्य सरोकारवालाका रूपमा सहभागी गराइनुपर्छ, प्रधानमन्त्री कार्यालयसँग लगानी प्रवर्द्धनसम्बन्धी अवधारणामा काम भइरहेको छ, अर्थमन्त्रीबाट १६ वटा ऐन सुधारको काम भएको छ ।"

उहाँले युवा उद्यमी तथा स्टार्टअप व्यवसायलाई प्रवर्द्धन गर्न सरकारले ल्याएका सहुलियतपूर्ण कर्जा कार्यक्रमको प्रभावकारी कार्यान्वयन आवश्यक रहेको बताउनुभयो । नवीन उद्यमीको पहिचान र कर्जा प्राप्त गर्ने प्रक्रियामा देखिएका अस्पष्टता हटाउनुपर्ने उहाँको भनाइ थियो ।

ललितपुर महानगरपालिकाका उपप्रमुख मञ्जली शाक्य बज्राचार्यले महानगरपालिकाले ललितपुर उद्योग वाणिज्य सङ्घसँग समन्वय र सहकार्यमा उद्योगी व्यवसायीका हितमा काम गर्दै आएकाले आगामी दिनमा प्रभावकारी समन्वय र सहकार्य जारी रहने प्रतिबद्धता जनाउनुभयो ।

ललितपुरमाप्रमुखजिल्लाअधिकारी नरहरि घिमिरेले उद्योग व्यवसायलाई प्रविधिमैत्री बनाउन आग्रह गर्दै विदेशी लगानी भित्र्याउनसमेत आग्रह गर्नुभयो। सङ्घका अध्यक्ष विश्वराज बज्राचार्यले विपद्‌बाट व्यवसायमा हुने क्षति न्यूनीकरण गर्न पूर्वतयारीमा लगानी बढाउनुपर्ने र नीतिगत सुधारका क्रममा निजी क्षेत्रलाई मुख्य सरोकारवालाका रूपमा सहभागी गराउनुपर्नेमा जोड दिनुभयो ।

साधारणसभाले सङ्घको नयाँ नेतृत्व चयन गर्नेछ । नयाँ नेतृत्वका लागि वर्तमान उपाध्यक्ष सुसन महर्जन र महासचिव भूमि नन्दन कर्माचार्य चुनावी प्रतिस्पर्धामा हुनुहुन्छ । रासस

# मन्त्रिपरिषद्का चार निर्णयः भूकम्पीय जोखिम न्यूनीकरणदेखि खेलाडीलाई पुरस्कारसम्म

काठमाण्डु । सरकारले भूकम्पीय जोखिम न्यूनीकरण, बिटौरी जग्गा दर्ता एवं एसियाली खेलकुदका पदक विजेता खेलाडीलाई नगद पुरस्कार प्रदान गर्ने निर्णय गरेको छ ।




प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा शुक्रबार बसेको मन्त्रिपरिषद्को बैठकले विश्व बैंकसँग नेपालको भूकम्पीय जोखिमसम्बन्धी विपद् ऋणपत्र (नेपाल अर्थक्वेक क्याटास्ट्रोफ बन्ड) सम्बन्धी कार्यादेश सम्झौता (म्यान्डेट एग्रिमेन्ट) मा हस्ताक्षर गर्न स्वीकृति दिने निर्णय गरेको छ ।

सूचना तथा सन्चारमन्त्री डा बिक्रम तिमिल्सिनाका अनुसार बैठकले बिटौरी जग्गामा बसोबास गर्दै आएका व्यक्तिहरूका नाममा जग्गा दर्ता गर्ने सम्बन्धमा 'समिति गठन आदेश, २०८३' स्वीकृत गर्ने निर्णय गरेको छ ।

त्यसैगरी खेलकुद क्षेत्रतर्फ जापानको आइची-नागोयामा आयोजित २० औँ एसियाली खेलकुदमा पदक प्राप्त गर्ने महिला कबड्डी तथा कराँतेका खेलाडी, प्रशिक्षक र व्यवस्थापकलाई नगद पुरस्कार प्रदान गर्ने निर्णय बैठकले गरेको छ ।रासस

# एमाले बैठक अनिर्णीत




**टुडे समाचारदाता**

काठमाण्डु । नेकपा एमालेको स्थायी कमिटी आज बिना निर्णय सम्पन्न भएको छ । भोलि दिउँसो १ बजे बस्ने गरी आजको बैठक अन्त्य गरिएको प्रचार विभाग प्रमुख निरज आचार्यले बताएका छन् ।

अध्यक्ष केपी शर्मा ओलीले पेश गरेको स्थायी कमिटी सदस्यका थप नाममा नेताहरूले असन्तुष्टि जनाएपछि अन्य विषयमा छलफल भएको थियो । स्थायी कमिटी, पोलिटब्युरो र केन्द्रीय सदस्य मनोनयनबारे केही नेताबीच अनौपचारिक छलफलपछि भोलिको बैठकमा पेश गर्ने सहमति भएको एक नेताले बताए ।

बैठकपछि सचिव पद्मा अर्यालले पार्टीका विभिन्न पदमा मनोनीत गर्नेबारे नेताहरूले आ-आफ्नो धारणा राखेको बताइन् ।

'केन्द्रीय कमिटीमा रिक्त रहेको स्थान, पार्टीको पोलिटब्युरो सदस्यहरूको मनोनयन र स्थायी समितिमा रिक्त रहेको स्थानको मनोनयनको तयारी भइरहेको छ', उनले भनिन् ।

मिथिला बिहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तारापट्टी, धनुषा
मधेश प्रदेश, नेपाल

लिलाम बढाबढ सम्बन्धी सूचना

प्रकाशन मितिः २०८३/०६/२४

प्रस्तुत विषयमा यस कार्यालयको वडा नं. १ मा अवस्थित पुरानो वडा कार्यालय भवनको संरचना जे जस्तो अवस्थामा छन् सोही अवस्थामा सिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम गर्नको लागि नियमानुसार मिति २०८३/०६/०६ मा ७(सात) दिने र मिति २०८३/०६/१५ मा ७(सात) दिने पूनःसूचना समेत प्रकाशित गरिएकोमा समय अवधि भित्र कोही कसैबाट बोलपत्र फारम दर्ता हुन नआएको हुँदा यहि मिति २०८३/०६/२७ गते मंगलबारको दिन १०:०० बजे देखि १२:०० बजे सम्म लिलाम बढाबढको माध्यमबाट बिक्री गरिने भएकोले लिन चाहने ईच्छुक व्यक्ति,फर्म वा संस्थाले सहभागी हुन सम्बन्धीत सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।अन्य जानकारीको लागि यस कार्यालयमा सम्पर्क गर्नु होला ।

प्रमुख प्रशासकीय अधिकृत

# अन्तर्राष्ट्रिय न्याय क्षेत्रमा गरेको योगदानका लागि नोबेल शान्ति पुरस्कार नावी पिल्लेलाई

एएफपी । दक्षिण अफ्रिकी जन्मेका न्यायाधीश र संयुक्त राष्ट्रसङ्घका पूर्व मानव अधिकार प्रमुख नावी पिल्लेलाई शुक्रबार यस बर्षको नोबेल शान्ति पुरस्कार प्रदान गर्ने घोषणा गरिएको छ ।



उहाँले आफ्नो जीवनमा कैदमा रहेका नेल्सन मण्डेलालाई अधिकारको रक्षा गर्नेदेखि लिएर इजरायलले गाजामा नरसंहार गरेको निष्कर्ष निकालेको प्यानलको नेतृत्व गर्नेसम्मका काम समावेश छन्।

अहिले हस्तक्षेपमा परेको अन्तर्राष्ट्रिय कानून प्रवर्द्धन गर्ने उहाँको प्रयासलाई यो पुरस्कार दिइएको हो ।

यो जितलाई अमेरिकी राष्ट्रपति ट्रम्प र इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहुको लागि उच्च-स्तरीय आलोचनाका रूपमा हेरिने निश्चित छ । दुवैले गाजाबारे उहाँले नेतृत्व गरेको संयुक्त राष्ट्रसङ्घीय आयोगको निष्कर्ष अस्वीकार गरेका छन् । यी नेताहरू अन्तर्राष्ट्रिय न्यायालय र अन्तर्राष्ट्रिय फौजदारी अदालतको पनि कडा आलोचना गर्दै आएका छन्; पिल्लेले दुवैमा काम गर्नुभएको छ ।

"पिल्लेको काम 'विश्वलाई अझ शान्तिपूर्ण' बनाउन खोज्ने सबैका लागि आशा र प्रेरणाको स्रोत हो," नर्वेली नोबेल समितिका अध्यक्ष योर्गेन वात्ने फ्राइडनेसले ओस्लोमा शान्ति पुरस्कारको १२५औँ वार्षिकोत्सवको अवसरमा घोषणा गर्दै भन्नुभयो ।

समितिले द्वन्द्वको समयमा अन्तर्राष्ट्रिय कानूनलाई बलियो बनाउन खोजेको बताएको छ । वात्ने फ्राइडनेसले भन्नुभयो, "पिल्लेलाई दिइएको पुरस्कार 'अन्तर्राष्ट्रिय नियममा आधारित प्रणाली र संस्थाहरूलाई कमजोर पार्न खोज्नेहरूलाई सन्देश' हो।"

उहाँको कार्यक्षेत्र विश्वव्यापी रहे पनि विशेष गरी इजरायल र रङ्गभेदकालीन दक्षिण अफ्रिकामा उहाँको आलोचना प्रायः स्थानीय रूपमा तीव्र हुने गरेको छ ।

हाल ८५ वर्षकी पिल्लेले जर्मनीको न्युरेम्बर्गमा आयोजित एक मञ्चमा भाग लिइरहेका बेला उहालैं नोबेल शान्ति पुरस्कार प्राप्त गरेको जानकारी प्राप्त गर्नुभएको थियो ।

न्युरेम्बर्गमा नाजी युद्ध अपराधीहरूको मुद्दा चलाइएको थियो, जसले अन्तर्राष्ट्रिय कानूनको आधारशिला राख्न मद्दत गरेको थियो ।

"पहिले, यो स्थलमा तपाईंहरूको तालीले मेरा लागि ठूलो अर्थ राख्छ," उहाँलाई उठेर दिइएको तालीलाई जवाफ दिँदै भन्नुभयो । "तपाईं जान्नुहुन्छ, म सार्वजनिक रूपमा तपाईं योग्य हुनुहुन्छ भनेर सहमत नभएसम्म कुनै पुरस्कार वा सम्मान लिन चाहँदिन।"

मजाक गर्दै उहाँले थप्नुभयो, "वकिल र न्यायाधीश भएकाले म अझै यो जानकारी प्रमाणित गर्न चाहन्छु ।"

उहाँले गाजामा इजरायलले नरसंहार गरेको निष्कर्ष निकालेको अनुसन्धानको अध्यक्षता गर्नुभएको थियो ।

पिल्लेले संयुक्त राष्ट्रसङ्घ समर्थित मानव अधिकार परिषद्द्वारा सिर्जना गरिएको अधिनस्थ प्यालेस्टिनी भूभाग र इजरायल आयोगको अध्यक्षता गर्नुभएको थियो । एक वर्षअघि आयोगले इजरायल गाजामा नरसंहारको जिम्मेवार रहेको र गाजाका प्यालेस्टिनीहरूलाई नष्ट गर्ने विशिष्ट उद्देश्य रहेको निष्कर्ष निकालेको थियो ।

शुक्रबार पुरस्कार जितेको खबर पाएपछि गाजा उहाँको पहिलो टिप्पणीहरूमध्ये एक थियो । "त्यहाँ भइरहेको कुरा नरसंहार हो," उहाँले जर्मनीमा सम्बोधनका क्रममा भन्नुभयो ।

गत वर्ष आयोगले इजरायली राष्ट्रपति, प्रधानमन्त्री र पूर्व रक्षा मन्त्रीले 'नरसंहार गर्न उक्साएका' भन्ने पनि पत्ता लगाएको थियो। सन् २०२१ मा आयोग स्थापना भएदेखि नै इजरायलले आयोगसँग सहकार्य गर्न अस्वीकार गरेको छ र आरोपहरू कडा रूपमा अस्वीकार गर्दै आएको छ ।

पिल्लेले बारम्बार आलोचकहरूलाई जवाफ दिनुभएको छ, जसले उहाँलाई यहूदीविरोधी आरोप लगाए वा इजरायलमा हमासका आक्रमणहरूलाई बेवास्ता गरेको आरोप लगाए । उनको नेतृत्वमा आयोगले सन् २०२३ ७ अक्टोबरको आक्रमणमा हमासले युद्ध अपराध र अन्तर ाष्ट्रिय मानवीय कानूनको उल्लङ्घन गरेको आरोप लगाउने प्रतिवेदनहरू पनि जारी गरेको थियो ।

दक्षिण अफ्रिकामा रङ्गभेदविरुद्धको लडाइँमा उहाँले केही यहूदी वकिलहरूसँग निकट रहेर काम गर्नुभएको थियो र सन् २००८ देखि सन् २०१४ सम्म संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार प्रमुख रहँदा इजरायलमा आमन्त्रित हुनुभएको थियो ।

हमासका वरिष्ठ अधिकारी बासेम नाइमले शुक्रबार एक विज्ञप्तिमा पिल्लेलाई दिइएको नोबेललाई प्यालेस्टिनीहरूका लागि, विशेष गरी गाजाका लागि आशाको सन्देश भनेका छन्, जसले ' अन्तर्राष्ट्रिय न्यायलाई निशाना बनाउने दुष्ट शक्तिहरूविरुद्ध मानवता अझै प्रतिरोध गर्दैछ' भन्ने देखाउँछ।

यसबीच इजरायली विदेश मन्त्रालयले एक विज्ञप्तिमा भनेको छ, "यदि झूट, घृणा र रक्त-अपवादका लागि कुनै पुरस्कार हुन्थ्यो भने नवी पिल्ले केवल प्रतिस्पर्धी मात्र हुनुहुने थिएन । उहाँ अग्रपङ्क्तिमा हुनुहुने थियो ।"

मन्त्रालयले विज्ञप्तिमा अगाडि भनेको छ, "यो पुरस्कार 'न्यायको मान्यता' होइन। यो इजरायलविरोधी घृणा र पूर्वाग्रहलाई वैध बनाउन पुरस्कारको घृणित हतियार करण हो।"

यो पुरस्कार इजरायलको चुनावभन्दा तीन हप्ताभन्दा कम समयअघि घोषणा भएको छ, जसमा नेतन्याहु सत्तामा टिकिरहन सङ्घर्ष गरिरहनुभएको छ । इजरायलीहरूका लागि मुद्दा सरकारको गाजा नीतिभन्दा बढी थप आक्रमणबाट उनीहरूलाई कसरी सुरक्षा दिने भन्ने हो ।

उहाँको जितले ट्रम्पको दबाबमा रहेको अदालतमा ध्यान केन्द्रित गर्छ ।

पिल्लेको जितले ट्रम्प र अन्तर्राष्ट्रिय फौजदारी अदालतबीचको जारी विवादमा नवीन ध्यान ल्याएको छ । पिल्ले सन् २००३ देखि सन् २००८ सम्म त्यहाँ न्यायाधीश हुनुहुन्थ्यो । ट्रम्प प्रशासनले पहिले नै अदालतका १३ कर्मचारीमाथि प्रतिबन्ध लगाइसकेको छ, जसमा प्रमुख अभियोजकहरू र अदालतका जापानी अध्यक्ष तोमोको अकानेसहित नौ न्यायाधीशहरू समावेश छन्।

# एन्फाका अध्यक्षसहित चारजनाविरुद्ध आर्थिक अनियमितता एवं खेल मिलेमतो गरेको कसुरमा मुद्दा दायर

काठमाण्डु । जिल्ला सरकारी वकिलको कार्यालय ललितपुरले निलम्बित अखिल नेपाल फुटबल सङ्घ(एन्फा)का पदाधिकारीविरुद्ध भ्रष्टाचार, ठगी र खेलमा मिलेमतोसम्बन्धी कसुरमा मुद्दा दायर गरेको छ ।



बिहीबार सरकारी वकिलको कार्यालयले ललितपुर जिल्ला अदालतमा एन्फाका अध्यक्ष पङ्कजविक्रम नेम्वाङ, महासचिव किरण राई, कोषाध्यक्ष रवीन्द्र जोशी र लेखा अधिकृत सञ्जीव पाण्डेलाई प्रतिवादी बनाएर मुद्दा दायर गरेको हो ।

प्रतिवादीमध्ये कोषाध्यक्ष रवीन्द्र जोशी र लेखा अधिकृत सञ्जीव पाण्डे हिरासतमा छन् भने अध्यक्ष नेम्वाङ र महासचिव राई फरार छन्। एन्फामा आर्थिक अनियमितता, म्याच फिक्सिङ (खेल मिलोमतो) र फिफा विश्वकपका टिकट अपचलन गरेको आरोपमा उनीहरुविरुद्ध मुद्दा दायर भएको जिल्ला सरकारी वकिलको कार्यालयले जनाएको छ।

सरकारी वकिलको कार्यालयले जिल्ला अदालतमा दायर गरेको अभियोगपत्रअनुसार उनीहरूविरुद्ध रु ९३ लाख ९०० बिगो कायम गरिएको छ । प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरोले एन्फामा भएको आर्थिक अनियमिततालगायतका विषयमा अनुसन्धान गरेको थियो ।

फिफा विश्वकप, २०२६ र एएफसी एसियन कप छनोटअन्तर्गत सन् २०२४ मार्च २१ मा काठमाण्डुको दशरथ रंगशालामा हुनुपर्ने नेपाल र बहराइनबीचको घरेलु मैदानको खेल नियतवश बहराइनमा सारिएको अभियोगमा उल्लेख गरिएको छ। उक्त खेल बहराइनमा खेलाएबापत त्यहाँको फुटबल सङ्घबाट टिकट बिक्रीको राजस्वअन्तर्गत एन्फाले पाउनुपर्ने २० हजार अमेरिकन डलर संस्थाको बैंक खातामा दाखिला नगरी अपचलन गरेको अनुसन्धानबाट देखिएको अभियोग पत्रमा उल्लेख छ ।

अभियोगपत्रमा रु १० लाखभन्दा माथिको खरिदमा अनिवार्य टेन्डर प्रक्रिया अपनाउनुपर्नेमा एउटै स्वामित्वका तीनवटा नक्कली फर्महरू खडा गरी कोटेशनमार्फत खेल सामग्री खरिद गरिएको पाइएको अनुसन्धानमा देखिएको छ। एन्फाको आर्थिक कार्यविधि, २०७५ अनुसार १० लाखभन्दा बढीको खरिदमा टेन्डर प्रक्रिया अपनाउनुपर्ने हुन्छ ।

फिफाले सन् २०२६ को विश्वकपका लागि एन्फालाई उपलब्ध गराएको ३३० थान अनलाइन टिकट पारदर्शी रूपमा वितरण नगरी कालोबाजारी र व्यक्तिगत रूपमा किनबेच गराएको पनि अभियोगमा उल्लेख छ। शेर्पा आउटडोरसँग भएको प्रायोजन सम्झौताबमोजिमएन्फाकोखातामा आउनुपर्ने रकम संस्थाको खातामा नहाली महासचिव किरण राईले रु २५ लाख व्यक्तिगत रूपमा बुझेर अपचलन गरेको पनि अनुसन्धानबाट देखिएको छ।

अभियोगपत्रमा फरार रहेका एन्फा अध्यक्ष पङ्कजविक्रम नेम्वाङ र महासचिव किरण राईका हकमा अदालतबाट म्याद जारी गर्न अनुरोध गरिएको छ। चारैजनालाई राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ को दफा ३१ मा परिभाषित खेलमा मिलोमतो तथा अनियमितता गर्न नहुने कार्य गरी ऐनको दफा ३२ (ग) बमोजिमको कसुर गरेको, सोही ऐनको दफा ३३ को (ग) बमोजिम सजाय हुन तथा निज प्रतिवादीहरूले मुलुकी अपराध संहिता, २०७४ को दफा २४९ को उपदफा (१) र (२) मा परिभाषित कसूर गरेको भन्दै संहिताको दफा २४९ को उपदफा ३ (क) बमोजिम सजाय मागदाबी लिइएको छ ।

अखिल नेपाल फुटबल सङ्घलाई अमेरिकी डलर ५० हजारको हुन आउने नेपाली रकम ६६ लाख ५३ हजार ९०० तथा अमेरिकी डलर २० हजारको हुन आउने नेपाली रकम २६ लाख ४७ हजार (सम्झौता भएको मिति सन् २०२४ मार्च ४ मा को दररेट रु १३२.३५ बमोजिम) गरी ९३ लाख नौ सय बराबर क्षतिपूर्ति मुलुकी अपराध संहिता, २०७४ को दफा २५४ बमोजिम दिलाई भराई दिन मागदाबी लिइएको छ।

अपराधपीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिमपीडित राहत कोषमा प्रतिवादीहरूबाट क्षतिपूर्ति शुल्क जम्मा गराई पाउन समेत सरकारी वकिल कार्यालयले अभियोग पत्रमा माग दाबी लिएको छ।

अन्य पदाधिकारी, कर्मचारीहरू तथा अन्य कोही कसैको संलग्नता रहेको भनी यकिन प्रमाणसहित खुल्न आएका बखत साथै प्रस्तुत वारदातमा अन्य कोही कसैको संलग्नता रहेको तथ्य पछि खुली आएमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३५ बमोजिम थप दाबी लिइने उल्लेख गरिएको छ।

प्रतिवादीहरूले कसुरजन्य कार्य गरी सम्पत्ति आर्जन गरी सम्पत्तिलाई अन्यत्र प्रयोग गरेको तथ्य प्रमाणहरूबाट देखिएमा सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण ऐन, २०६४ सम्बन्धी कसुरमा थप अनुसन्धान हुनेछ। रासस

# दुरुपयोगपछि चिनियाँ एआई उपकरण बन्द

एएफपी । दक्षिण कोरियाका सातभन्दा बढी वित्तीय संस्थामा भएको साइबर आक्रमणमा प्रयोग भएको आशङ्कापछि चिनियाँ कृत्रिम बौद्धिकता (एआई) उपकरण आर्टेक्सका विकासकर्ताले यसको स्रोत कोडमा सार्वजनिक पहुँच बन्द गर्ने निर्णय गरेका छन् । डेभलपर 'अटम-२७' ले उपकरणको दुरुपयोग भएको स्वीकार गर्दै अब नयाँ संस्करण सार्वजनिक नगर्ने र मर्मतसम्भार सेवा पनि नदिने जनाएको छ ।



साइबर सुरक्षाका कमजोरी पत्ता लगाउन विकास गरिएको आर्टेक्स खुला स्रोतमा आधारित उपकरण थियो । यसबाट प्रोग्रामरहरूले मूल कोड डाउनलोड गरी आवश्यकताअनुसार परिमार्जन गर्न सक्थे । तर दक्षिण कोरियाली सरकारले यसै साता प्रमुख बैंकसहित सातभन्दा बढी वित्तीय संस्थामा तथ्याङ्क चोरी गर्न यसको प्रयोग भएको उच्च सम्भावना रहेको जनाएको थियो ।

दक्षिण कोरियाको वित्तीय सेवा आयोगका अनुसार आक्रमणबाट ६८ हजारभन्दा बढी व्यक्ति प्रभावित भएका छन् । सिनहान बैंकका करिब २५ हजार ग्राहकका ऋण आवेदनसँग सम्बन्धित नाम, फोन नम्बर र वार्षिक आम्दानीजस्ता विवरण चुहिएका छन् ।

यसैबीच, जापानमा पनि यस्तै साइबर आक्रमणबाट करिब २० कम्पनीका तथ्याङ्क प्रभावित भएको आशङ्का गरिएको छ। ती घटनाले लाखौँ ग्राहकलाई असर पार्न सक्ने बताइएको छ । जापानका प्रहरी प्रमुख योसिनोबु कुसुनोकीले घटनाको पृष्ठभूमि र तिनबीचको सम्बन्धबारे स्पष्ट भइनसकेको बताउनुभएको छ ।

दक्षिण कोरियाका राष्ट्रपति ली जे म्युङले एआईका कारण ह्याकिङ थप जटिल बनेको र त्यसबाट हुने क्षति विगतसँग तुलना गर्न कठिन भएको बताउनुभएको थियो । एआईका शक्तिशाली प्रणालीले कम्प्युटरमा आक्रमण गर्ने नयाँ विधि पत्ता लगाउन सक्ने क्षमताले विश्वव्यापी चासो बढाएको छ ।

अमेरिकी साइबर सुरक्षा कम्पनी क्राउडस्ट्राइकले सार्वजनिक गरेको अनुसन्धानमा आर्टेक्स प्रयोग गर्ने आक्रमणकारी सम्भवतः चीनमा आधारित २६ वर्षीय व्यक्ति रहेको उल्लेख छ। उनी चिनियाँ भाषी र आर्थिक लाभबाट प्रेरित भएको कम्पनीको अनुमान छ ।

विशेषज्ञहरूका अनुसार आर्टेक्सको स्रोत कोडमा सार्वजनिक पहुँच बन्द गर्दा नयाँ प्रयोगकर्तालाई यसको कोड प्राप्त गर्न कठिन हुनेछ । तर यसअघि डाउनलोड गरिएका प्रतिलिपिको प्रयोग रोक्न सकिने छैन । 'हेलो चाइना टेक' का संस्थापक पो झाओले खुला स्रोतको कोड डाउनलोड र परिमार्जन गर्न सकिने भएकाले डेभलपरको नियन्त्रण सीमित हुने बताउनुभएको छ ।

# रियाद विमानस्थलमा आक्रमण, तीन जनाको मृत्यु

एएफपी । साउदी अरबको राजधानी रियादस्थित किङ खालिद अन्तर्राष्ट्रिय विमानस्थल र साउदी एयरलाइन्सको विमानलाई लक्षित गरी बिहीबार भएको आक्रमणमा विमानका कप्तानसहित तीन साउदी नागरिकको मृत्यु भएको छ भने विभिन्न देशका अन्य धेरै नागरिक घाइते भएका छन् ।

गत सप्ताहन्तदेखि यमनमा इरान समर्थित हुथी विद्रोहीविरुद्ध साउदी अरब र उसका सहयोगी सेनाले ठूलो सैन्य कारबाही सुरु गरेयता साउदी अरबमा भएको यो सबैभन्दा घातक आक्रमण हो ।

साउदी अधिकारीहरूका अनुसार बिहीबार भएको पहिलो आक्रमण विमानस्थलका संरचनालाई लक्षित गरी गरिएको थियो भने दोस्रो आक्रमण साउदी एयरलाइन्सको विमानमाथि भएको थियो । आक्रमणमा संलग्न व्यक्तिको पहिचान सार्वजनिक गरिएको छैन । यद्यपि, हुथी विद्रोहीहरूले ब्यालेस्टिक क्षेप्यास्त्र प्रहार गरी विमानस्थललाई निशाना बनाएको दाबी गरेका छन् ।

मृत्यु हुनेमध्ये साउदी एयरलाइन्सका कप्तान हमुद अली अलकलथामी पनि रहेको साउदी समूहले विज्ञप्तिमार्फत जनाएको छ । पछिल्लो सैन्य कारबाही सुरु भएयता साउदी राष्ट्रिय ध्वजावाहक विमानमाथि भएको यो पहिलो पुष्टि भएको आक्रमण देखिएको छ ।

साउदी समूहको अर्को विज्ञप्तिअनुसार आक्रमण हुँदा विमान जमिनमा रहेको र त्यसमा क्षति पुगेको थियो । उक्त विमानमा भने कुनै यात्रु थिएनन् ।

रियादस्थित विमानस्थल पछिल्ला दिनमा पटकपटक आक्रमणको निशाना बनेको छ । यसै साताको सुरुमा भएको अर्को आक्रमणमा एक सुडानी नागरिकको मृत्यु भएको थियो ।

# सुदूरपश्चिम रोयल्सको 'आइकोनिक' मा टेकराज थलाल

काठमाण्डु । नेपाल प्रिमियर लिग (एनपिएल) को तेस्रो संस्करणमा सुदूरपश्चिम रोयल्सले डडेल्धुराका टेकराज थलाललाई आइकोनिक खेलाडीका रूपमा छनोट गरेको छ ।



प्रदेशका नौवटै जिल्लामा सञ्चालन गरिएको प्रतिभा खोज कार्यक्रम (ट्र्यालेन्ट हन्ट) बाट बायाँहाते मध्यम गतिका बलर थलालले उक्त अवसर पाएका हुन् । स्थानीयस्तरमा रहेका क्रिकेट खेलाडीको क्षमता पहिचान गरी टोलीमा आबद्ध गराउने लक्ष्यसहित रोयल्सले सुदूरपश्चिमका सबै जिल्लामा 'ट्र्यालेन्ट हन्ट' आयोजना गरेकोथियो। कार्यक्रममा दार्चुला, बैतडी, बझाङ, डोटी, डडेल्धुरा, अछाम, बाजुरा, कैलाली र कञ्चनपुरका खेलाडीले आफ्नो खेल कौशल प्रस्तुत गरेका थिए।

यही असोज १४ गते बैतडीको दिलासैनीबाट सुरु भएको छनोट प्रक्रिया असोज १५ गते बझाङ, १६ गते डोटी र डडेल्धुरा तथा १७ गते अछाम र बाजुरामा पुगेको थियो । त्यसपछि असोज १९ गते धनगढीमा कैलाली र कञ्चनपुरका खेलाडीको क्षमता मूल्याङ्कन गरिएको थियो ।

छनोटको अन्तिम चरण भने असोज २० र २१ गते धनगढी ओभलमा सम्पन्न भएको थियो । रासस

# भारतमा प्रदर्शनअघि २० हजार प्रहरी तैनाथ

एएफपी । मतदाता सूचीमा अनियमितता भएको आरोप लगाउँदै निर्वाचन आयोगका प्रमुखलाई पदमुक्त गर्न माग गरी शनिबार हुने प्रदर्शनअघि भारतको राजधानी नयाँदिल्लीमा २० हजारभन्दा बढी प्रहरी तथा अर्धसैनिक सुरक्षाकर्मी परिचालन गरिएको छ ।



भारतको निर्वाचन आयोगले मतदाता सूचीको 'विशेष गहन पुनरावलोकन' प्रक्रिया अघि बढाएपछि यसै महिना विरोध प्रदर्शन चर्किएको हो । आयोगले दोहोरो नाम भएका र अयोग्य मतदातालाई हटाउन प्रक्रिया सञ्चालन गरिएको बताएको छ । तर, विपक्षी दल तथा आलोचकहरूले प्रधानमन्त्री नरेन्द्र मोदीको भारतीय जनता पार्टी (भाजपा) लाई फाइदा पुग्ने गरी मतदातालाई मतदानको अधिकारबाट वञ्चित गर्न खोजिएको आरोप लगाएका छन् ।

विरोध प्रदर्शनमा प्रमुख विपक्षी भारतीय राष्ट्रिय कङ्ग्रेसका नेता राहुल गान्धीसहित अन्य नेताहरू सहभागी हुँदै आएका छन् । यसै साता प्रदर्शनका क्रममा गान्धीलाई केही समय हिर ासतमा समेत लिइएको थियो ।

संसद्मा विपक्षी दलका नेता गान्धीसहित अन्य नेताहरूले शुक्रबार राष्ट्रपति द्रौपदी मुर्मूसँग भेट गरी निर्वाचन आयोगका प्रमुख ज्ञानेश कुमारविरुद्ध उजुरी गर्ने अपेक्षा गरिएको छ । निर्वाचन सञ्चालनको जिम्मेवारी पाएको संवैधानिक निकाय आयोगले भने आफूमाथिका आरोप अस्वीकार गरेको छ ।

प्रेस ट्रस्ट अफ इन्डियाका अनुसार शनिबारको प्रदर्शनलाई ध्यानमा राख्दै राजधानीमा २० हजारभन्दा बढी प्रहरी तथा अर्धसैनिक अधिकारी परिचालन गरिएको छ ।

# इरानले युद्ध अन्त्य गर्ने अमेरिकी योजनामा जवाफ दिने

एएफपी । सात दिनभित्र युद्ध अन्त्य गर्ने र हर्मुज जलघाँटी पुनः खोल्ने प्रस्तावमा अमेरिकाले दिएको प्रतिक्रियाको समीक्षा गरिरहेको जनाएको छ । इरानका विदेशमन्त्री सैयद अब्बास अराघचीले आगामी केही दिनभित्र अमेरिकी विचारको जवाफ दिने बताउनुभएको छ ।



तेहरानमा बिहीबार आयोजित अन्त्येष्टि समारोहका क्रममा उहाँले वार्ता जारी रहेको र तेहरान तथा वासिङ्टनले मध्यस्थकर्तामार्फत सन्देश आदानप्रदान गरिरहेको जानकारी दिनुभयो । इरानले आफ्नो सातदिने योजनासम्बन्धी अमेरिकी धारणा प्राप्त गरिसकेको र त्यसको समीक्षा भइरहेको उहाँले बताउनुभयो ।

इरानले सेप्टेम्बर २२ मा न्युयोर्कमा संयुक्त राष्ट्रसङ्घको महासभाको ८१औँ सत्रका अवसरमा मध्यस्थकर्तामार्फत अमेरिका समक्ष युद्ध अन्त्य गर्ने र हर्मुज जलघाँटी पुनः खोल्ने योजना प्रस्तुत गरेको थियो । उक्त योजनाअनुसार अमेरिकाले इरानका सर्त स्वीकार गरेमा सात दिनभित्र युद्ध अन्त्य गरी जलमार्ग पुनः खोल्ने प्रस्ताव गरिएको थियो ।

इरानी अधिकारीहरूले लेबनानसहित सबै मोर्चामा युद्ध अन्त्य गर्नु र हर्मुज जलघाँटी पुनः खोल्नु नै जारी कूटनीतिक प्रक्रियाको मुख्य उद्देश्य रहेको बताउँदै आएका छन् ।

यद्यपि, अमेरिकी उपराष्ट्रपति जेडी भान्सले सोमबार रोयटर्ससँगको अन्तर्वार्तामा युद्ध अन्त्यका लागि इरानले आफ्नो आणविक संवर्धन क्षमतामा अर्थपूर्ण कटौती गर्नुपर्ने बताउनुभएको थियो । उहाँले इरानले अमेरिकी माग पूरा गर्नुपर्ने धारणा राख्नुभएको थियो ।

यसको जवाफमा इरानको आणविक ऊर्जा सङ्गठनका अध्यक्ष मोहम्मद एस्लामीले बिहीबार युरेनियम संवर्धन आणविक उद्योगको अभिन्न अङ्ग भएको बताउनुभयो। अमेरिकी धम्की र सैन्य कारबाहीका बाबजुद इरान आफ्नो अडानबाट पछि नहट्ने उहाँले स्पष्ट पार्नुभयो।

इरानको आणविक कार्यक्रम अन्तर ाष्ट्रिय आणविक ऊर्जा एजेन्सीसँगको सुरक्षा सम्झौता तथा आणविक हतियार अप्रसारसम्बन्धी सन्धिअनुरूप रहेको दाबी पनि एस्लामीले गर्नुभयो ।

गत फेब्रुअरी २८ मा इजरायल र अमेरिकाले तेहरानसहित इरानका विभिन्न सहरमा संयुक्त आक्रमण सुरु गरेका थिए । त्यसको जवाफमा इरानले इजरायल तथा यस क्षेत्रका अमेरिकी सैन्य अखडा र सम्पत्तिलाई लक्षित गरी क्षेप्यास्त्र तथा ड्रोन आक्रमण गरेको थियो। त्यससँगै इरानले हर्मुज जलघाँटीमा आफ्नो नियन्त्रण थप कडा बनाएको थियो ।

युद्धरत पक्षबीच अप्रिल ८ मा युद्धविराम भएको थियो । त्यसपछि जुन १८ मा इरान र अमेरिकाले सबै मोर्चामा युद्ध अन्त्य गर्ने समझदारीपत्रमा हस्ताक्षर गरेका थिए ।

# पर्यटन क्षेत्रलाई व्यवस्थित, सुरक्षित र प्राथमिकतामा राख्न माग



काठमाण्डु । टुरिस्ट बस एसोसिएसन अफ नेपाल (टिवान)ले पर्यटन क्षेत्रलाई व्यवस्थित, सुरक्षित र पर्यटकमैत्री बनाउन पर्यटक बसपार्क निर्माणको कामलाई प्राथमिकतामा राख्न सरकारसँग माग गरेको छ।

टिवानको १५ औँ वार्षिक साधारणसभा तथा आठौँ अधिवेशनका अवसरमा आज आयोजित कार्यक्रममा अध्यक्ष भीष्म न्यौपानेले पर्यटन बसपार्क निर्माणको विषयलाई वर्षौँदेखि उठाउँदै आए पनि अपेक्षाअनुसार कार्यान्वयन हुन नसकेको बताउनुभयो।

न्यौपानेले पर्यटन बसपार्क केवल बस पार्किङ गर्ने स्थान मात्र नभई नेपालको पर्यटन व्यवस्थापन, पर्यटकको सुविधा तथा सुरक्षा र समग्र पर्यटन क्षेत्रको प्रतिष्ठासँग जोडिएको महत्वपूर्ण पूर्वाधार भएको उल्लेख गर्नुभयो।

नेपाल भ्रमणमा आउने पर्यटकले विमानस्थलबाट गन्तव्यसम्म पुग्नेदेखि देशका विभिन्न पर्यटकीय स्थलको भ्रमण गर्दासम्म सहज, सुरक्षित, भरपर्दो र आरामदायी यातायात सेवा पाउनुपर्ने उहाँको भनाइ थियो।

पर्यटन क्षेत्रको विकासमा यातायातको भूमिका महत्वपूर्ण भए पनि व्यवस्थित पर्यटन बस टर्मिनलको अभावमा व्यवसायी तथा पर्यटक दुवैले विभिन्न समस्या भोग्नुपरेको उहाँले बताउनुभयो।

"पर्यटन बसपार्क निर्माणको विषयलाई अब आश्वासनमा मात्र सीमित नराखौँ, यसलाई प्राथमिकतामा राखेर आवश्यक निर्णय गरौँ र कार्यान्वयनको दिशामा ठोस रूपमा अघि बढौँ," अध्यक्ष न्यौपानेले बताउनुभयो।

पर्यटन यातायात क्षेत्रको विकासका लागि व्यवसायीको एकल प्रयास पर्याप्त नहुने भन्दै सरकार, नेपाल पर्यटन बोर्ड, पर्यटन तथा यातायात व्यवसायी, श्रमिक र अन्य सरोकारवाला निकायबीच प्रभावकारी सहकार्य र समन्वय आवश्यक रहेको एसोसिएसनले जनाएको छ।

काठमाण्डु-ल्हासा, नेपाल-भारतका प्रमुख सहर तथा सीमादेखि सीमासम्म पर्यटक बस सेवा सञ्चालनजस्ता अवधारणालाई सम्भाव्यता अध्ययनका आधारमा चरणबद्ध रूपमा अघि बढाउनुपर्ने धारण पर्यटन व्यवसायीले राखेका छन्।

एसोसिएसनका महासचिव प्रकाशचन्द्र अधिकारीले पर्यटन यातायात पूर्वाधारको विकास, पर्यटकको सहज आवागमन, पर्यटन बसपार्क निर्माण तथा व्यवसायीले भोग्दै आएका विविध समस्याको समाधानमा सरकारको ध्यान जानुपर्ने बताउनुभयो।

एसोसिएसनका कोषाध्यक्ष चिरञ्जीवी गिरीले पर्यटक बसपार्क निर्माण नहुँदा व्यवसायीले ठूलो समस्या भोग्नुपरेको बताउनुभयो। कार्यक्रममा श्रीकान्त आचार्य, पूर्वअध्यक्ष प्रह्लाद लोहनी, ईश्वर शर्मा, कृष्ण आचार्यलगायतको सहभागिता थियो। रासस

# हुलाकलाई 'सरकारी कुरियर सेवा'का रूपमा विकास गर्ने योजना प्रभावकारी छः सञ्चारमन्त्री

काठमाण्डु । सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनाले हुलाक सेवालाई आधुनिक, प्रभावकारी र नागरिकमैत्री बनाउँदै 'सरकारी कुरियर सेवा'का रूपमा विकास गर्ने सरकारको योजना प्रभावकारी रूपमा कार्यान्वयन हुँदै गएको बताउनुभएको छ।

हुलाक सेवा विभागद्वारा १५२ औँ विश्व हुलाक दिवसका अवसरमा आयोजित फिलाटेलिक प्रदर्शनी कार्यक्रममा उहाँले बदलिँदो समय र नागरिकको आवश्यकताअनुसार हुलाक सेवालाई पुनःसंरचना गरी आम नागरिकको पहुँचमा पुऱ्याउन सरकार प्रतिबद्ध रहेको बताउनुभयो।

हुलाक सेवाको ऐतिहासिक महत्त्वलाई कायम राख्दै यसलाई आधुनिक जीवनसँग जोड्न आवश्यक रहेको उल्लेख गर्दै मन्त्री तिमिल्सिनाले भन्नुभयो, "हुलाक सेवाले विशिष्ट इतिहास बोकेको छ। अब यसको इतिहाससँगै भविष्यलाई पनि सोचेर आधुनिक, जीवनोपयोगी र नागरिक केन्द्रित सेवा बनाउनुपर्छ।"

उहाँले आधुनिक प्रविधिको विकाससँगै नागरिकका आवश्यकता र सेवा प्राप्त गर्ने तरिकामा परिवर्तन आएको उल्लेख गर्दै हुलाक सेवालाई समयानुकूल बनाउनु आवश्यक रहेकामा जोड दिनुभयो। देशभर फैलिएको हुलाक सञ्जाललाई उपयोग गर्दै सरकारी सेवा तथा सामग्री नागरिकको घरदैलोसम्म पुऱ्याउने प्रभावकारी माध्यमका रूपमा विकास गर्न सकिने उहाँको भनाइ छ।

हुलाक सेवालाई पुनर्संरचना गरी नागरिकलाई सहज, छरितो र भरपर्दो सेवा उपलब्ध गराउनेतर्फ सरकारले योजना कार्यान्वयन भइरहेको उल्लेख गर्दै सञ्चारमन्त्री तिमिल्सिनाले यसको क्षेत्र र सेवा थप सुधारमा परिणाममुखी र उदाहरणीय काम गर्नुपर्नेमा जोड दिनुभयो।

कार्यक्रममा नेपाल एकीकरण तथा राष्ट्र निर्माणमा योगदान पुऱ्याउने व्यक्तित्वदेखि विश्व प्रविधिको विकासमा महत्त्वपूर्ण भूमिका खेल्ने व्यक्तित्वसम्मको योगदानलाई स्मरण गर्दै नयाँ हुलाक टिकट प्रचलनमा ल्याइएको छ।



हुलाक सेवा विभागले नेपाल एकीकरण तथा राष्ट्र निर्माणमा योगदान पुऱ्याएका बिसे नगर्ची र वाङ्गे सार्की, प्रथम विश्वयुद्धमा भिक्टोरिया क्रस प्राप्त गर्ने कुलवीर थापामगर र कर्णबहादुर रानामगर तथा टेलिभिजन आविष्कार भएको एक सय वर्षका अवसरमा आविष्कारक जोन लोगी बेयर्डका तस्बिर अङ्कित हुलाक टिकट जारी गरेको हो। विभागले ती व्यक्तित्वका तस्बिर अङ्कित प्रतिटिकट १० रुपैयाँ दरका टिकट प्रचलनमा ल्याएको जनाएको छ।

कार्यक्रममा सञ्चारमन्त्री डा तिमिल्सिनाले उक्त हुलाक टिकटको प्रथम दिवसीय आवरणमा टाँचा प्रदान गर्नुभयो। कार्यक्रममा राष्ट्रिय दलित आयोगका अध्यक्ष देवराज विश्वकर्माले बिसे नगर्ची र वाङ्गे सार्कीको तस्बिर अङ्कित हुलाक टिकट जारी हुनुले दलित समुदायका ऐतिहासिक योगदानलाई राज्यले सम्मान गरेको बताउनुभयो। उहाँले सूचना प्रविधिको तीव्र विकास भएको वर्तमान समयमा पनि हुलाक सेवाको उपादेयता कायम रहेको उल्लेख गर्दै यसलाई आधुनिक कुरियर सेवाका रूपमा विकास गर्न आवश्यक रहेको बताउनुभयो।

सञ्चारसचिव राजेन्द्रकुमार पौडेलले परिवर्तित परिस्थितिमा हुलाक सेवालाई नागरिक सेवा विस्तारको प्रभावकारी माध्यम बनाउनुपर्ने बताउनुभयो। देशभरका पालिका तहसम्म फैलिएको हुलाक सञ्जाललाई उपयोग गर्दै सरकारी कुरियर सेवाका रूपमा नागरिकका घरघरमा सेवा पुऱ्याउन सकिने उल्लेख गर्दै उहाँले हुलाक सेवाले आफूलाई पुनर्जागृत गरिरहेको बताउनुभयो।

हुलाक सेवालाई आधुनिक, प्रतिस्पर्धी र प्रविधिमैत्री बनाउनुपर्नेमा जोड दिँदै सचिव पौडेलले निजी क्षेत्रसँग सहकार्य र स्वस्थ प्रतिस्पर्धा आवश्यक रहेको बताउनुभयो। सरकारी संयन्त्रको देशव्यापी पहुँचलाई प्रभावकारी रूपमा उपयोग गर्न सके हुलाक सेवाले नागरिकलाई थप सहज र भरपर्दो सेवा दिन सक्ने उहाँको भनाइ छ।

हुलाक सेवा विभागका महानिर्देशक मनमाया भट्टराई पङ्गेनीले हुलाक सेवा विश्वभर अझै सान्दर्भिक रहेको बताउनुभयो। विशेषगरी दुर्गम क्षेत्रमा सेवा पुऱ्याउन हुलाकले निर्वाह गरेको भूमिकाका कारण अन्तरराष्ट्रिय पुरस्कारसमेत प्राप्त हुनु गौरवको विषय भएको उहाँले उल्लेख गर्नुभयो।

उहाँका अनुसार हुलाक सेवा क्रमशः स्मार्ट अवधारणामा अघि बढ्दै आधुनिकीकरणको चरणमा प्रवेश गरिरहेको छ। बदलिँदो प्रविधि र नागरिकको आवश्यकताअनुसार सेवाको स्वरूप परिवर्तन गर्दै यसको पहुँच र प्रभावकारिता बढाउनुपर्ने उहाँको भनाइ छ। रासस

# दुई अर्धजलाशययुक्त जलविद्युत् परियोजनाको लगानी स्वीकृत गर्ने निर्णय

काठमाण्डु । लगानी बोर्डले दुई वटा अर्धजलाशययुक्त जलविद्युत् परियोजनाको लगानी स्वीकृत गर्ने निर्णय गरेको छ।

प्रधानमन्त्री वालेन्द्र साहको अध्यक्षतामा आज बसेको लगानी बोर्डको ६८औँ बैठकले रु १० अर्ब ७५ करोड चार लाख ९७ हजार लागतको नारखोला अर्धजलाशययुक्त जलविद्युत् परियोजना (५८ दशमलव नौ मेगावाट) र रु १० अर्ब ४२ करोड ३३ लाख ६२ हजार लागतको सानी भेरी-३ अर्धजलाशययुक्त जलविद्युत् परियोजना (४६ दशमलव ७२ मेगावाट)को लगानी स्वीकृत गर्ने निर्णय गरेको हो।

बोर्डका अनुसार बैठकले अरुण-३ जलविद्युत् परियोजना (९०० मेगावाट) ले सन् २०२८ फेब्रुअरीसम्म व्यावसायिक उत्पादन गर्ने र माथिल्लो कर्णाली जलविद्युत् परियोजना (९०० मेगावाट) सम्बन्धमा परियोजना विकास सम्झौताको प्रावधान बमोजिम तत्काल निर्माण अघि बढाउने गरी आवश्यक सहजीकरण गर्ने निर्णय गरेको छ।

बैठकले स्वीकृत परियोजनाको कार्यान्वयन तथा लगानीकर्तालाई प्रदान गरिने सेवामा सहजीकरण र प्रभावकारी कार्यसम्पादनका लागि लगानी बोर्डको कार्यालयका प्रमुख कार्यकारी अधिकृतलाई आवश्यक अधिकार प्रत्यायोजन गर्ने पनि निर्णय गरेको छ।



त्यसैगरी बोर्डद्वारा आह्वान नगरिएका प्रस्तावहरू आवश्यकतानुसार स्वीस च्यालेञ्ज विधिबाट प्रतिस्पर्धा गराइ अगाडि बढाउने गरी आवश्यक कानुनी प्रबन्ध गर्न कार्यालयलाई निर्देशन दिने, कृत्रिम बुद्धिमत्तालगायत नवीनतम सूचना प्रविधिमा आधारित पूर्वाधार परियोजनाका लगानी प्रस्ताव प्राप्त भएमा नेपालको नवीकरणीय ऊर्जाको उपयोग तथा रोजगारी सृजना एवं आर्थिक विकासमा पुर्याउने योगदानलाई मध्यनजर गरी उक्त प्रकृतिका परियोजना विकासलाई प्राथमिकता दिने निर्णय गरेको छ।

बैठकमा अर्थमन्त्री एवं बोर्डका उपाध्यक्ष डा स्वर्णिम वाग्ले, ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठ, कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरी, उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दीपककुमार साह, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा गुणाकर भट्ट, नेपाल सरकारका मुख्यसचिव गोविन्दबहादुर कार्की, नेपाल राष्ट्र बैंकका गभर्नर डा विश्वनाथ पौडेल, लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृत याङ्की उक्यावलगायतका बोर्डका सदस्यहरु एवं उच्च पदस्थ अधिकारीहरू उपस्थित हुनुहुन्थ्यो। रासस

# दिगो प्याकेजिङ र हरित व्यवसायका पाँच उद्यमी पुरस्कृत

काठमाण्डु । युरोपेली सङ्घको सहयोगमा क्रिएसन नेपालद्वारा सञ्चालित ग्रीनसिफ्ट नेपाल परियोजनाअन्तर्गत दिगो प्याकेजिङ र हरित व्यवसाय प्रवर्द्धन कार्यक्रमका पाँच उद्यमी तथा नवप्रवर्तक पुरस्कृत भएका छन्।

वातावरणमैत्री व्यवसाय, दिगो प्याकेजिङ र चक्रीय अर्थतन्त्रको प्रवर्द्धनमा नवीन समाधान प्रस्तुत गर्ने उद्यमीलाई शुक्रबार यहाँ आयोजित समारोहमा उहाँहरूलाई पुरस्कृत गरिएको हो। पुरस्कार वितरण समारोहमा हरित व्यवसाय प्रवर्द्धन कार्यक्रम (जिबिएपी) अन्तर्गत तीन र दिगो प्याकेजिङ कार्यक्रम (एसपिपी) अन्तर्गत दुई उद्यमी विजेता घोषित हुनुभएको हो।

हरित व्यवसाय प्रवर्द्धन कार्यक्रमअन्तर्गत बागमतीबाट रिअप स्टुडियो, लुम्बिनीबाट इकोदोस्ती प्रालि र मधेस प्रदेशबाट कुशवाहा बहुउद्देश्यीय कृषि तथा पशुपालन फार्म विजेता बनेका छन्। कार्यक्रममा सम्बन्धित संस्थाका प्रतिनिधिहरूले जनही रु पाँच लाख ७४ हजार बराबरको अनुदान प्राप्त गर्नुभएको हो। दिगो प्याकेजिङ कार्यक्रमअन्तर्गत एबी बायोडिग्रेडेबल प्रडक्ट प्रालि र छाहारी फार्म प्रालि विजेता बनेका छन्। दुवै संस्थाले जनही रु सात लाख बराबरको अनुदान प्राप्त गरेका छन्।




**चक्रीय अर्थतन्त्रलाई व्यवहारमा उतार्नुपर्नेमा जोड**

पुरस्कार वितरण समारोहमा क्रिएसन नेपालका अध्यक्ष अरुणा कार्कीले विजेता उद्यमी तथा नवप्रवर्तकलाई बधाई दिँदै चक्रीय अर्थतन्त्रलाई व्यवहारमा उतार्न उहाँहरूले देखाएको प्रतिबद्धता नेपालको दिगो आर्थिक विकासका लागि महत्त्वपूर्ण रहेको बताउनुभयो। उहाँले वातावरणमैत्री व्यावसायिक अभ्यासलाई प्राथमिकता दिँदै आगामी दिनमा पनि यस अभियानलाई निरन्तरता दिन आग्रह गर्नुभयो।

क्रिएसन नेपालका कार्यक्रम निर्देशक सुजाता कोइरालाले व्यवसाय सञ्चालन गर्दा लागतलाई मात्र प्राथमिकता दिने प्रवृत्तिबीच सहभागी उद्यमीले वातावरण र पृथ्वीका लागि लाभदायक विकल्प रोज्नु सकारात्मक भएको बताउनुभयो।

हरित अर्थतन्त्रको प्रवर्द्धन र दिगो व्यवसायलाई एकै ठाउँमा जोड्ने उद्देश्यले सुरु गरिएको पहललाई निरन्तरता दिँदै कार्यक्रम सञ्चालन गरिएको उहाँले बताउनुभयो। प्याकेजिङजन्य फोहरले वातावरणमा पार्ने असर न्यूनीकरण गर्न दिगो प्याकेजिङलाई प्राथमिकता दिन आवश्यक रहेको उहाँको भनाइ छ।

**एक्काइस सहभागीबीच प्रतिस्पर्धा**

पुरस्कार वितरण समारोहअघि अक्टोबर ६ र ७ मा छनोट भएका उद्यमी तथा नवप्रवर्तकका लागि दुई दिने आवासीय 'बुटक्याम्प' सञ्चालन गरिएको थियो। बुटक्याम्पमा सहभागीलाई व्यावसायिक अवधारणा परिष्कृत गर्न, प्रभावकारी प्रस्तुति तयार पार्न तथा लगानी र बजारका सम्भावनासँग जोडिन आवश्यक प्रशिक्षण प्रदान गरिएको थियो।

दुवै कार्यक्रमका अन्तिम चरणमा पुगेका २१ सहभागीले निर्णायक मण्डल तथा आमन्त्रित सरोकार भएका निकायका प्रतिनिधिसमक्ष आफ्ना व्यावसायिक अवधारणा, उत्पादन र समाधान प्रस्तुत गर्नुभएको थियो। तीमध्ये हरित व्यवसाय प्रवर्द्धन कार्यक्रमका १३ र दिगो प्याकेजिङ कार्यक्रमका आठ सहभागी थिए। रासस

# टुरिष्ट बस एसोसियसन अफ नेपालको अध्यक्षमा ढकनाथ काफ्ले निर्वाचित

काठमाण्डु । पर्यटक बस व्यवसायीको छाता संस्था टुरिष्ट बस एसोसियसन अफ नेपाल (टिवान)को अध्यक्षमा ढकनाथ काफ्ले निर्वाचित हुनुभएको छ।

एसोसियसनको शुक्रबार सम्पन्न १५औँ वार्षिक साधारणसभा तथा आठौँ निर्वाचनबाट काफ्लेको नेतृत्वमा नयाँ कार्यसमिति निर्वाचित भएको हो। एसोसियसनको प्रथम उपाध्यक्षमा सुजन आचार्य, द्वितीय उपाध्यक्षमा चिरञ्जीवी गिरी, महासचिवमा अशोक अर्याल निर्वाचित हुनुभएको निर्वाचन समितिका संयोजक सुशील दाहालले जानकारी दिनुभयो। उहाँका अनुसार कोषाध्यक्षमा सुजन दाहाल, सदस्यमा रमेश पौडेल र छविलाल घिमिरे निर्वाचित हुनुभएको छ।

दुई दशकदेखि नेपालको पर्यटन क्षेत्रमा क्रियाशील नवनिर्वाचित अध्यक्ष काफ्ले यसअघि टिवानको पूर्वउपाध्यक्ष तथा नेपाल एशोसियसन टुर एण्ड ट्राभल एजेन्ट्स (नाट्टा) केन्द्रको सहकोषाध्यक्ष भइसक्नुभएको छ।

टिवानले शुक्रबार यहाँ आयोजना गरेको कार्यक्रममा बागमती प्रदेशका उद्योग, पर्यटन, श्रम तथा यातायातमन्त्री राजेन्द्र प्रजापतिले पर्यटन क्षेत्रको विकासका लागि बागमती प्रदेश सरकार लागिरहेको बताउनुभयो। नेपालको पर्यटन क्षेत्रको विकासका लागि केन्द्र, प्रदेश र स्थानीय सरकारबीच समन्वय आवश्यक रहेको उहाँले बताउनुभयो।

नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घका अध्यक्ष पुन्यप्रसाद सिटौलाले पर्यटन बसको आकर्षण बढाउनका लागि पर्यटन व्यवसायी एकजुट हुनुपर्ने बताउनुभयो। उहाँले पर्यटन बस उचित व्यवस्थापन नहुँदा व्यवसायी र यात्रु दुवैलाई असुविधा भइरहेको भन्दै पर्यटक बस पार्किङका लागि व्यवस्थित बसपार्क आवश्यक रहेको उल्लेख गर्नुभयो।

नेपाल पर्यटन बोर्ड सञ्चालक समितिका सदस्य सहदेव धमलाले मुलुकको पर्यटन क्षेत्रको विकासका लागि नेपाल पर्यटन बोर्डलाई सातै प्रदेशमा विस्तार गर्नेबारे छलफल भइरहेको बताउनुभयो। उहाँले पर्यटन क्षेत्रको समस्या समाधान गर्न व्यवसायी एकताबद्ध हुनुपर्ने उल्लेख गर्नुभयो।

कार्यक्रममा नेपाल एसोसिसयन अफ टुर एण्ड ट्राभल एजेन्ट्स (नाट्टा)का अध्यक्ष भरतजङ्ग पाण्डे, ट्रेकिङ एजेन्सीज् एशोसिसयन अफ नेपाल (टान)का अध्यक्ष सागर पाण्डे, होटल सङ्घ नेपाल (हान) का महासचिव साजन शाक्य, टुरिष्ट बस एशोसियसन अफ नेपालका सल्लाहकार मदनकुमार आचार्यलगायतले नेपालको पर्यटन क्षेत्रको समस्या बलियो रुपमा उठाउनका लागि पर्यटन महासङ्घको खाँचो रहेको बताउनुभएको थियो।रासस

# नयाँ बसपार्कमा अग्रिम टिकट बुकिङ खुला

काठमाण्डु । शुक्रबारदेखि अग्रिम टिकट बुकिङ खुलेसँगै नयाँ बसपार्कमा बिहानैदेखि टिकट लिने यात्रीको घुइँचो लागेको छ। लामो तथा मध्यम दूरीका सवारीसाधनको टिकट लिने यात्रीको त्यहाँ घुइँचो लागेको हो।

नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घका अध्यक्ष पुन्यप्रसाद सिटौलाका अनुसार देशभरका सबै क्षेत्रमा जाने लामो तथा मध्यम दूरीका सार्वजनिक यातायातको अग्रिम टिकट बुकिङ खुला गरिएको हो।

यसैबीच, प्रहरी प्रभाग नयाँ बसपार्कका प्रमुख शङ्कर श्रेष्ठले चाडपर्वमा आपराधिक गतिविधि हुने सम्भावना अधिक भएकाले बसपार्क क्षेत्रका साथै अन्यत्र पनि शान्तिसुरक्षाको सुदृढ प्रबन्ध मिलाइएको राससलाई जानकारी दिनुभयो। त्यसनिम्ति सादा पोशाकमा प्रहरी परिचालन भएका छन्।

यातायात व्यवस्था विभाग, नेपाल प्रहरी र यातायात व्यवसायी तथा मजदुरबीच गत मङ्गलबार चाडपर्वलक्षित यातायात सेवाका लागि अग्रिम टिकट बुकिङ खुला गर्ने निर्णय भएको थियो। रासस


## भूमि प्रशासन कार्यालय, जनकपुरधाम, धनुषा

## हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

यसमा जिल्ला धनुषा यदुकुहा गा.वि.स. वडा नं. ५ हाल परिवर्तित शहिदनगर न.पा. वडा नं. ३ मा बस्ने तेजी साहु तेलीको नाती राजेन्द्र साहुको छोरा गंगाराम साहु तेलीले मेरो बाजे तेजी साहु तेलीको नाउँमा लगत कायम रहेको साविक मौजे जदुकुहा ढोढाईपट्टीको सा.कि.नं.९७३ क्षेत्रफल ऽ। ३।।। जग्गा सर्भे नापी हुँदा जिल्ला धनुषा गा.वि.स.यदुकुहा वडा नं.२ कि.नं.१८३ क्षेत्रफल ०-०-८-० कायम भई निज नापीको बखत अनुपस्थित भएको कारण जग्गा दर्ता हुन नसकेकोमा निजको मिति २०६५/१/५ मा मृत्यु भई निजको हकभोग अपुताली खाने एकमात्र पत्नी धनि देवीको मिति २०३३ साल अगावै मृत्यु भई निज मृतकहरुको हकभोग खाने एकमात्र छोरा राजेन्द्र साह भएकोमा निजको पनि मिति २०३३ साल अगावै मृत्यु भई निजको हकभोग खाने एकमात्र पत्नी धनमन्ति देवी तेली भएकोमा निजको मिति २०३४ साल अगावै मृत्यु भई निजहरुको हकभोग खाने एकमात्र छोरा म निवेदक गंगाराम साहु तेली भएकोले मेरो नाउँमा छुट जग्गा दर्ता नामसारी गरी पाउँ भनी द.नं.४८९१ मिति २०८३/६/१५ को यस कार्यालयमा माग निवेदन परी उक्त निवेदनको कारवाही सम्बन्धमा हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशन गर्ने भनी मिति २०८३/०६/२१ को आदेशानुसार यो हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशन गरिएको छ। अतः आवेदकहरुको नाममा छुट जग्गा दर्ता नामसारी गर्न नमिल्ने कुनै कारण भए वा अन्य कसैको हकदावी लाग्ने भए वा सरकारी सार्वजनिक सम्पतिको हानी नोक्सानी हुने भए ठोस सबुत प्रमाण सहित यो सूचना प्रकाशित भएको/टाँस भएको मितिले बाटोको म्याद बाहेक ३५(पैंतीस) दिनभित्र यस कार्यालयमा स-प्रमाण दावी उजुर गर्न आउनु होला। सूचना गर्नु होला। अन्यथा कानून बमोजिम भई जाने व्यहोरा सम्बन्धित सबैका लागि सूचित गरिन्छ।

**तपसिल**

| क्षेत्र | वडा नं. | कि.नं. | क्षे.फ. | फिल्डबुकको व्यहोरा |
|---|---|---|---|---|
| यदुकुहा | २ | १८३ | ०-०-८ | जग्गाधनी महल खाली, जोतहाको महल खाली र कैफियत महलमा तेजी साहु तेली यदुकुहा बस्ने को नम्बरी हो भनि प्रमाणित गर्ने वा.स.कुंजी लाल ॥ द......... |



## राजर्षिजनक विश्वविद्यालय

## जनकपुरधाम, धनुषा

## घर जग्गा भाडामा लिने प्रस्ताव पत्र (सिलबन्दी दरभाउपत्र) सम्बन्धि सूचना

(प्रथम पटक प्रकाशित मिति २०८३।०६।२३ गते)

यस विश्वविद्यालयको राजर्षिजनक स्कुल अफ हेल्थ साइन्सको लागि जनकपुरधाम उपमहानगरपालिका अन्तर्गत परिक्रमा सडकको १(एक) किलोमिटर वरीपरी कम्तिमा १२० देखि १३० Sq-Feet क्षेत्रफल भएको कम्तिमा २० वटा कोठाहरु र ५ (पाँच) वटा गाडी एवं १५-२० वटा मोटरसाईकल पार्किंगको व्यवस्था भएको पक्की घरको छत कम्तिमा ३५०० Sq-Feet क्षेत्रफल भएको घरजग्गा भाडामा लिनु पर्ने आवश्यकता भएकोले यो सुचना प्रकाशित भएको मितिले २१ दिन भित्र विश्वविद्यालयको राष्ट्रिय बाणिज्य बैंक पिडारी चौक शाखा, जनकपुरधाममा रहेको च.हि.नं. १५२०१००००२२८१००१ मा रु.१०००/- (अक्षरेपी एक हजार मात्र) फिर्ता नहुने रकम जम्मा गरि सोको सक्कल भौचर लिई विश्वविद्यालयको केन्द्रीय कार्यालयको प्रशासन शाखाबाट उपलब्ध हुने प्रस्ताव पत्र (दरभाउपत्र) बुझी रितपुर्वक भरेर उक्त म्याद भित्र सिलबन्दी गरि बुझाउनु हुन सुचित गरिन्छ, म्याद भित्र प्राप्त नभएका र रितपूर्वक नपुगेका सिलबन्दी दरभाउपत्र उपर कुनै कारबाही हुने छैन, सिलबन्दी दरभाउपत्रहरु दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा मिति २०८३/०७/१६ गते अपरान्हः ४:०० बजे कार्यालयमा खोलिने छ, दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थिति नभएमा पनि दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन, दरभाउपत्र स्वीकृत गर्ने/नगर्ने सम्पूर्ण अधिकार यस विश्वविद्यालयमा निहित रहने छ, विशेष जानकारीका लागि यस विश्वविद्यालयको सामान्य प्रशासन शाखामा सम्पर्क राख्न अनुरोध छ।

**सम्पर्क नं. ९८४४०५८५८६**

## पत्रकार महासंघको १६ बुँदे घोषणा पत्र जारी, कडा संघर्षको चेतावनी

# मंसिर २६ र २७ गते साधारण सभा गर्ने निर्णय

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाल पत्रकार महासंघले घोषणापत्र जारी गर्दै साधारण सभाको मिति तय गरेको छ । जनकपुरधाममा सम्पन्न महासंघको पाँचौ पूर्ण बैठकबाट १६ बुँदे घोषणापत्र जारी गर्दै आगामी मंसिर २६ र २७ गते बागमती प्रदेशमा साधारण सभा गर्ने निर्णय समेत गरेको छ।




महासंघले सरकारी सञ्चारमाध्यमबाट हटाइएका पत्रकारको पुनर्बहाली, लोककल्याणकारी विज्ञापनको निरन्तरता, श्रमजीवी पत्रकारको पारिश्रमिक भुक्तानी लगायतको माग राख्दै घोषणा पत्र जारी गरेको हो। बैठकले अनलाईन पत्रिकाको दर्ता र नविकरणकालागि लिइरहेको शुल्क तत्काल हटाउन सम्बन्धित निकायसँग माग गरेको छ।

पाँचौं पूर्ण बैठकले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको संरक्षण र पत्रकारको हकहितका लागि संघर्ष गर्ने निर्णय गरेको हो । गोरखापत्र, नेपाल टेलिभिजन, रेडियो नेपाल र राष्ट्रिय समाचार समितिबाट हटाइएका पत्रकारलाई पुनर्बहाली गर्न, रोकिएको लोककल्याणकारी विज्ञापन पुनः सञ्चालन नगरिए कडा संघर्ष गर्ने चेतावनी समेत दिइएको छ।

मधेस प्रदेश सरकारले लोककल्याणकारी विज्ञापन तथा प्रदेशका सञ्चार माध्यमसँग सम्बन्धित संस्था आमसञ्चार प्राधिकरण र मिडिया काउन्सिलको बजेट कटौतीको कडा विरोध गर्दै सो रकम कटौती नगरी प्रदेश सरकारले लोककल्याणकारी विज्ञापनको रकम शतप्रतिशत वृद्धि गर्न माग गरेको छ।

त्यस्तै, सञ्चार प्रतिष्ठानलाई पत्रकारसँग भएका सम्झौता कार्यान्वयन गर्न र बाँकी पारिश्रमिक तत्काल भुक्तानी गर्न आग्रह गर्दै माग पूरा नभए आन्दोलन गर्ने चेतावनी दिएको छ । घोषणा पत्र मार्फत सरकारका गलत नीति विरुद्ध आवाज उठाउने नागरिक, नागरिक समाज, राजनीतिक अधिकारकर्मी तथा सञ्चारकर्मीहरुलाई डराउने, धम्काउने, धरपकड गर्ने सरकारको अधिनायकबादी कदमको घोर विरोध गर्दै विचार र अभिव्यक्ति स्वतन्त्रताको सम्मान गर्न धरपकड रोक्न सचेत गराएको छ।

घोषणा पत्रमा राष्ट्रिय सूचना आयोगलाई नेतृत्वविहीन राखिएको, अध्यादेशमार्फत शासन सञ्चालन गरिएको तथा नागरिक र सञ्चारकर्मीमाथि धरपकड भएको भन्दै महासंघले आपत्ति जनाएको छ । जानकी मन्दिरको नाम सरकारी दस्तावेजमा सच्याउन, जानकी नवमीमा सार्वजनिक बिदा दिन तथा अनलाइन पत्रिकाको दर्ता र नवीकरण शुल्क हटाउन पनि माग गरिएको छ।

यसैगरी, चुरे संरक्षण, जलवायु परिवर्तनका असर न्यूनीकरण र 'घुमौं मधेस, बुझौं मधेस' अभियानलाई प्रभावकारी बनाउन तीनै तहका सरकारलाई आग्रह गरिएको छ।

चुरे क्षेत्रका वनजंगल तथा नदी नालाको रिन्तर अतिक्रमण, दोहन र अवैध उत्खननका कारण खानेपानीको संकट र कृषि सिँचाईको समस्या दिनप्रतिदिन विकराल बन्दै गएकोले चुरे संरक्षणलाई उच्च प्राथमिकतामा राख्दै प्रभावकारी कदम चाल्न तीनै तहका सरकारलाई ध्यानाकर्षण समेत गराएको छ।

प्रेस काउन्सिल नेपालले संचार माध्यमलाई संचार माध्यमलाई होच्याउने र मनोवल गिराउने गरि कारवाही गरिएको भन्दै सामाजिक संजाल मार्फत सार्वजनीक गर्दै आइरहेको बिषय प्रति यो बैठकको ध्यानाकर्षण भएको भन्दै प्रेस काउन्सिलको यस्तो काम प्रति नेपाल पत्रकार महासंघले असहमति जनाएको छ।

# वडा दर्शैंमा पनि उच्च अदालत चल्ने

**टुडे समाचारदाता**

जनकपुरधाम । उच्च अदालत जनकपुरधामले वडा दशैंको सार्वजनिक बिदाका समयमा पनि बन्दीप्रत्यक्षीकरण सम्बन्धी निवेदनको दर्ता तथा सुनुवाइ गर्ने भएको छ।




अदालतले दशैं बिदामा अत्यावश्यक न्यायिक सेवा सञ्चालनका लागि न्यायाधीशसहित आवश्यक कर्मचारी खटाउने व्यवस्था गरेको हो।

उच्च अदालत जनकपुरको प्रशासन शाखाले शुक्रबार सूचना जारी गर्दै २०८३ सालको घटस्थापनादेखि कोजाग्रत पूर्णिमासम्म अदालतमा सार्वजनिक बिदा हुने भए पनि केही अत्यावश्यक न्यायिक कामकारबाही नियमित गर्ने जनाएको हो।

अदालतका अनुसार असोज २५ गते घटस्थापनादेखि कात्तिक ८ गते कोजाग्रत पूर्णिमासम्म अदालत बन्द रहनेछ । तर, न्याय प्रशासन ऐन, २०७३ को दफा २६ (१) अनुसार बन्दीप्रत्यक्षीकरणको निवेदन दर्ता तथा सुनुवाइ गरिनेछ।

त्यसैगरी, मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९ बमोजिमका कामकारबाहीसमेत सञ्चालन हुने सूचनामा उल्लेख छ । उक्त सेवा सञ्चालनका लागि अदालतका न्यायाधीश तथा आवश्यक कर्मचारीलाई जिम्मेवारी तोकिएको छ।

सूचनाअनुसार घटस्थापना, विजयादशमी र शनिबारबाहेक बिदाको अवधिमा तोकिएका न्यायिक कामकारबाही सञ्चालन हुनेछन् । अदालतले बन्दीप्रत्यक्षीकरणलगायतका निवेदन दर्ता तथा सुनुवाइका लागि बिहान ११ बजेदेखि अपराह्न ३ बजेसम्मको समय निर्धारण गरेको छ।

दिउँसो १ बजेसम्म दर्ता भएका निवेदनको सोही दिन सुनुवाइ हुनेछ भने १ बजेपछि दर्ता भएका निवेदनको सुनुवाइ भोलिपल्ट गरिनेछ । दशैं बिदाका कारण न्यायिक उपचारबाट सेवाग्राही वञ्चित हुन नपरोस् भन्ने उद्देश्यले अत्यावश्यक न्यायिक सेवा सञ्चालनको व्यवस्था गरिएको अदालतको सूचनामा भनिएको छ।

# दुर्घटनापछि होसमा आउने जनकपुर प्रवृत्ति

ब्लग :



**श्यामसुन्दर शशि**

यस वर्षको वडा दशैंमा दुर्गा भवानी 'गज' अर्थात् हाथीमाथि सवार भइ भू-लोकमा अवतरण गर्दै छिन् । हिन्दू शास्त्र अनुसार, नवरात्रा आइतबार वा सोमबारदेखि शुरु हुँदा दुर्गाको सवारी हाथीमाथि हुन्छ। हाथीमाथिको सवारीलाई शुभ-मंगल मानिन्छ। राम्रो वर्षा हुने अनि धानको उत्पादन बढ्ने आशा गरिन्छ । समाजमा सुख, समृद्धि व्याप्त हुने आकलन पनि गरिन्छ। तर जनकपुरधामको हकमा भने दुर्गा आगमनको पूर्वसंकेत राम्रो देखिएको छैन। कारण घटस्थापनाअघि जनकपुरधाममा दुई यस्ता घटना घटित भएका छन्, जसमा दुई युवकको ज्यान गएको छ। एक युवक जीवन-मरणको संघारमा छन्।

पहिलो घटना असोज १३ गतेको हो । राति विषालु सर्पले टोकेपछि उपचारका लागि आफैं जनकपुर प्रादेशिक अस्पतालमा भर्ना हुन आएका जनकपुरधाम- १४ मुजेलियाका ३१ वर्षीय महेश कुमार यादव उचित उपचार पाउन नसकेपछि मृत्यु वरण गर्न बाध्य भए । भनिन्छ, अवस्था बिग्रिदै गएपछि महेशलाई सघन उपचार कक्ष (आईसीयू)मा राख्नु पर्ने अवस्था आयो । तर प्रादेशिक अस्पतालसंग भएका ६ थान आइसीयू र ३ थान भेन्टिलेटरमा पहिले देखि नै बिरामी उपचार गराई रहेका थिए । एउटा बिरामीलाई हटाएर, अर्कोलाई उपचार गर्नु उचित थियो वा थिएन ? सम्बद्ध चिकित्सकहरुले जान्ने हो।

दोश्रो घटना असोज २२ गते बिहीबार सन्ध्या ७.१० वजेको हो। जनकपुरधाम- ५ का २२ वर्षीय इर्साद खानले छूरा प्रहार गरेर स्थानीय २४ वर्षीय आमिन साफीलाई हत्या गरे । २५ वर्षीय इम्तियाज राइनलाई शख्त घाइते बनाए । आरोपी इर्साद खानले पुरानो रिसइबीको कारण दुबै युवकमाथि छूरा प्रहार गरेको प्रहरीको प्रारम्भिक अनुमान छ । छूरा प्रहार गर्ने इर्साद खान उनै युवक हुन् । जो आफूलाई 'गुण्डा' भन्दै फेसबुक आइडी बनाएका थिए । सामाजिक सञ्जालमार्फत धार्मिक उन्माद फैलाउँदै आएका थिए । भौतिक रुपमा अनेकौं व्यक्तिलाई कुटपिट तथा धाक धमकी देखाउँदै आएका थिए। स्थानीय युवकहरुले पटक पटक पक्राउ गर्न लगाउँथे अनि केही मुस्लिम अगुवाहरु जिल्ला प्रहरी कार्यालय धनुषाबाट छुटाएर ल्याउने गरेका थिए।

पहिलो घटना अर्थात् सर्पदंशको कारण महेश कुमार यादवको मृत्यु प्रसंगमा संघीय सांसद मनिष कुमार झाको प्रतिक्रिया थियो- प्रादेशिक अस्पतालमा सर्पदंशका बिरामीको मृत्यु अस्पताल व्यवस्थापनको निकम्मापन हो । यता मधेश प्रदेश सरकारले प्रादेशिक अस्पतालका निर्देशक डा.जामुनप्रसाद सिंहलाई मन्त्रालय तानेर अर्का एक थान डाक्टरलाई निर्देशकको रुपमा अस्पताल खटाएका छन्।

प्रादेशिक अस्पताल मधेश प्रदेश सरकारको मातहातमा छ। उपकुलपतिदेखि पियनसम्मको खटन-पटन प्रदेश सरकारले गर्छ। एन्टी स्नेक भेनम, एन्टी रेबिज खोपजस्ता अति आवश्यक औषधि बाहेकका औषधि आपूर्ति पनि मधेश सरकारले नै गर्छ। यस अर्थमा प्रादेशिक अस्पतालका निर्देशकलाई मन्त्रालय तान्ने वा उपकुलपति, रेक्टर आदिमाथि अनुसन्धान गर्ने अधिकार मधेश सरकारलाई छ। तर सत्य तथ्य पत्ता लगाउने प्रयोजनका लागि छानबिन गर्ने कि नगर्ने ? प्रादेशिक अस्पताले विज्ञप्ति प्रकाशित गरी आइसीयू खाली नरहेको ले महेश यादवलाई आइसीयुमा भर्ना गर्न नसकिएको प्रष्ट पारेको छ।

हामी सबैलाई थाहा छ, एक सय बेडको स्वीकृति पाएको जनकपुर प्रादेशिक अस्तालमा अचेल ३ सय बेड सञ्चालनमा छ। चिकित्सक र नर्सिङ स्टाफको आभाव छ । आइसीयू र भेन्टिलेटर अपूग छ । प्रदेश सरकार लापरबाही गर्ने चिकित्सकमाथि कारवाहीसंगै मेनपावर तथा थप आइसीयू र भेन्टिलेटर जडान नगरेसम्म अर्को महेशहरुसंग पनि यस्ता घटना दोहरिन सक्छ। अतः मधेश प्रदेश सरकार प्रादेशिक अस्पताललाई सुविधा सम्पन्न बनाउनु आवश्यक छ।




अब कुरा गरों दोश्रो घटना अर्थात् इर्सादको छूरा प्रहारबाट २४ वर्षीय आमिन साफीको मृत्यु र २५ वर्षीय इम्तियाज राइन शख्त घाइते भएको घटनाबारे । गुण्डा नायकेको नामले फेसबुक आइडी बनाएका इर्सादका अनेकौ भिडियो सार्वजनिक सञ्जालमा भाइरल छन् । जसमा उनि जातीय र धार्मिक हिंसा फैलाउने कुरा गरेका छन् । खुकुरी प्रदर्शन गर्दै छपकाई दिने धमकी दिएका छन् । तर स्थानीय प्रशासनले यी विषयलाई बेवास्ता गर्यो। साइबर ब्युरोको ध्यान गएन।

असलमा जिल्ला प्रहरी कार्यालय धनुषाको इर्सादमाथि विशेष कृपा थियो । कारण उनी यसै ज्यान मार्ने उद्योगका अभियुक्त थिए । २०८२ फागुन ३ गते जनकपुरधाम उपमहानगरपालिका-१४ रजौल बस्ने २६ वर्षीय मोहम्मद मुस्तफा राइनमाथि खुकुरी प्रहार गरेको घटनापछि जिल्ला प्रहरी कार्यालय धनुषाले इर्सादमाथि ज्यान मार्ने उद्योग मुद्दा चलाएको थियो। त्यस मुद्दामा उनलाई पक्राउ गर्न प्रहरीले असार ३१ गते धनुषा जिल्ला अदालतबाट पक्राउ अनुमति पूर्जी पनि लिइसकेको थियो। तर जानकी प्रहरी चौकीका प्रमुखसंगको विशेष सम्बन्धको कारण उनी खुल्लम खुल्ला डुल्दै आएका थिए । हाल मोहम्मद इर्साद खान तथा निजकी आमा ४२ वर्षीया सैमुन खातुन प्रहरी नियन्त्रणमा छन्।

इर्सादजस्ता अपराधि मानसिकताका व्यक्तिको कुनै जात हुँदैन । धर्म हुँदैन । उ अपराधि मात्र हुन्छन् । अझ यस्ता प्रवृत्तिका मानिसहरु राजनीतिक, सामाजिक, प्रशासनिक संरक्षण प्राप्त गर्यो भने इर्सादहरुको जन्म हुन्छ । अतः स्थानीय प्रशासन र समाजका अगुवाहरु यस्ता कुप्रवृत्तिलाई ढाकछोप गर्नु हुन्न। प्रशासनले संरक्षण दिनु हुन्न।

आज जनकपुरधामको चोक-चोकमा महेश यादवको मृत्युबारे चर्चा हुन्छ । प्रादेशिक अस्पतालको बेथितिको विरोध हुँदैछ। छूरा प्रहारबाट मृत्युवरण गरेका आमिन साफीको मृत्युले जनकपुरधामलाई पिरोलेको छ। चाकूबाज इर्सादलाई संरक्षण गर्ने सामाजिक अगुवाहरु तथा प्रहरीको व्यापक विरोध हुँदैछ । मधेशका जिल्लाहरुमा असइदेखि डिआइजीसम्मका घुमुवा हुन्छन् । जिल्ला प्रहरी कार्यालयमा सुविधा सम्पन्न साइबर कक्ष छ। अनि ३ महिनाअघि पक्राउ पूर्जी गोजीमा राखेर ती घुमुवाहरु के गर्दै थिए ? जबकी इर्सादको भिडियो फेसबुक र टिकटकमा रोकिएको थिएन।

# सेनाको रक्षा संवाददाता अभिमुखिकरण सम्पन्न

**टुडे समाचारदाता**

जनकपुरधाम । सञ्चारकर्मीलाई रक्षा तथा सुरक्षा क्षेत्रका विषयमा जानकारी गराउने उद्देश्यले नेपाली सेनाले सञ्चालन गरेको चारदिने रक्षा संवाददाता अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ।



महोत्तरीको बर्दिबासस्थित मध्य पूर्वी पृतना मुख्यालयमा असोज २० गतेदेखि सञ्चालन भएको 'रक्षा संवाददाता अभिमुखीकरण कार्यक्रम' शुक्रबार सम्पन्न भएको हो।

कार्यक्रमको समापन समारोहमा मध्य पूर्वी पृतनाका पृतनापति उपरथी भुवन खत्रीले अभिमुखीकरण कार्यक्रममा सहभागी २१ जना सञ्चारकर्मीलाई प्रमाणपत्र वितरण गरेका छन्।

सोही अवसरमा मध्य पूर्वी पृतना मुख्यालयअन्तर्गतका जिल्लामा लामो समयदेखि नेपाली सेनासम्बन्धी रेडियो कार्यक्रम प्रसारण गर्दै आएका नौवटा एफएम रेडियो स्टेसनलाई सम्मानस्वरूप कदरपत्र प्रदान गरिएको नेपाली सेनाले जनाएको छ।

चारदिने कार्यक्रममा सहभागी सञ्चारकर्मीलाई नेपाली सेनाका विविध विषयमा जानकारी गराउनुका साथै विपद् प्रतिकार्य र समसामयिक विषयमा अन्तरक्रियासमेत गराइएको थियो।

नेपाली सेनाका अनुसार यस किसिमका अभिमुखीकरण कार्यक्रमले विभिन्न स्थानमा कार्यरत सञ्चारकर्मीलाई सेनासम्बन्धी समाचार सङ्कलन तथा सम्प्रेषण गर्न सहज बनाउनुका साथै विषयवस्तुबारे स्पष्टता प्रदान गर्ने विश्वास लिइएको छ।

नेपाली सेनाको जनसम्पर्क तथा सूचना निर्देशनालयले शुक्रबार जारी गरेको प्रेस विज्ञप्तिअनुसार कार्यक्रमको समापन असोज २३ गते भएको हो।

# एकडाराका २५० परिवारले पाए जग्गाधनी लालपुर्जा

**टुडे समाचारदाता**

जलेश्वर । जग्गा नापजाँच भएको लामो समयपछि महोत्तरीको एकडारा गाउँपालिका १ का २५० परिवारलाई जग्गाधनी प्रमाण पुर्जा (लालपुर्जा) प्रदान गरिएको छ।

लामो समयदेखि स्ववासीका रूपमा बसोबास गर्दै आएका स्थानीयको जग्गको नापजाँच १४ वर्षअघि नै गरिएको थियो । १४ वर्षपछि उनीहरुले लालपुर्जा पाएसँगै आफ्नो जग्गामाथिको कानुनी स्वामित्वसमेत प्राप्त गरेका हुन्।



नापी कार्यालय महोत्तरीले आवश्यक कानुनी तथा प्रशासनिक प्रक्रिया पूरा गरी उनीहरूलाई जग्गाधनी प्रमाण पुर्जा वितरण गरेको हो। साविक एकडारा गाविसका वडा नं. १, २, ३, ४ र ६ का बासिन्दाले लालपुर्जा प्राप्त गरेका छन्।

उक्त क्षेत्रमा आर्थिक वर्ष २०६९/७० मै जग्गाको नापजाँच सम्पन्न भएको थियो । तर, नापनक्सा सकिए पनि आवश्यक प्रक्रिया पूरा हुन नसक्दा जग्गाधनी प्रमाण पुर्जा वितरणको काम लामो समयसम्म रोकिएको थियो । करिब डेढ दशकदेखि प्रतीक्षामा रहेका स्थानीयले अहिले आएर जग्गाको आधिकारिक स्वामित्व प्राप्त गरेका हुन्।

लालपुर्जा प्राप्त भएपछि स्थानीय परिवारलाई जग्गाको खरिदबिक्री, बैंक तथा वित्तीय संस्थामा धितो राखेर ऋण लिनेलगायतका काममा सहज हुने विश्वास गरिएको छ। साथै, जग्गाको स्वामित्वसम्बन्धी विवाद निरुपण गर्न र सम्पत्तिको कानुनी हैसियत स्पष्ट पार्नसमेत यसले सहयोग पुग्नेछ।

लामो समयदेखि जग्गामा बसोबास गर्दै आए पनि स्वामित्वको आधिकारिक प्रमाण नहुँदा विभिन्न समस्या भोग्दै आएका परिवारका लागि लालपुर्जा वितरणले राहत प्रदान गरेको छ।

# सरदार हत्या घटनामा ३ जना पुर्पक्षका लागि जेल चलान



**टुडे समाचारदाता**

जनकपुरधाम । महोत्तरीको बलवा नगरपालिका-७ बनौटामा २४ वर्षीय विवेक सरदारको हत्या घटनामा जिल्ला अदालत महोत्तरीले तीन जनालाई पुर्पक्षका लागि कारागार चलान गर्न र एक जनालाई धरौटीमा छाड्न आदेश दिएको छ।

अदालतको आदेशअनुसार बलवा नगरपालिका-७ बनौटाका अशोक ठाकुर, उनकी बुहारी सोनु ठाकुर र ज्वाइँ महोत्तरी गाउँपालिका-५ का सियाराम ठाकुरलाई पुर्पक्षका लागि थुनामा राख्न आदेश दिइएको जनाइएको छ । अशोककी श्रीमती रामकली देवीलाई भने दुई लाख ५० हजार रुपैयाँ धरौटीमा रिहा गर्न आदेश दिइएको बताइएको छ।

मृतकका बुबा अशोककुमार बातर सरदारको जाहेरीका आधारमा दर्ता भएको कर्तव्य ज्यान मुद्दामा जिल्ला अदालतका न्यायाधीश सञ्जीव पोखरेलको इजलासले उक्त आदेश दिएको हो।

जिल्ला प्रहरी कार्यालय महोत्तरीका सूचना अधिकारी विश्वम्भरनाथ साहका अनुसार अदालतको आदेशपछि तीन जनालाई पुर्पक्षका लागि कारागार चलान गरिएको छ। धरौटी बुझाउन नसकेपछि रामकली देवीलाई समेत बिहीबार साँझ कारागार चलान गरिएको उनले जानकारी दिए।

गत भदौ २६ गते बलवा नगरपालिका-७ बनौटास्थित अशोक ठाकुरको घरको शौचालयको सेफ्टी ट्यांकीमा भंगहा नगरपालिका-६ का २४ वर्षीय विवेक सरदारको शव टुक्राटुक्रा अवस्थामा फेला परेको थियो। शव नौ टुक्रा पारेर ट्यांकीमा राखिएको र माथिबाट प्लास्टर गरिएको अवस्थामा भेटिएको थियो।

प्रहरीको प्रारम्भिक अनुसन्धानअनुसार सोनु ठाकुरसँग प्रेम सम्बन्ध रहेको विषयलाई लिएर विवेकलाई भदौ १५ गते घरमा बोलाइएको र त्यहीं उनको हत्या गरिएको आशंका गरिएको छ। घटनापछि शव लुकाइएको उक्त रहस्य ११ दिनपछि खुलेको थियो।

प्रहरी अनुसन्धानमा हत्याको योजना बनाइएको र घटनामा संलग्न रहेको आशंकामा विदेशमा रहेका सोनुका श्रीमान् जितेन्द्र ठाकुरसमेत विदेशबाट आएको खुलेको जनाइएको छ । घटनापछि उनी फरार रहेको बताइएको छ। अदालतको आदेशसँगै पक्राउ परेका चारै जना कारागार पुगेका छन् भने फरार भनिएका जितेन्द्र ठाकुरको खोजी तथा अनुसन्धानको विषय अझै बाँकी छ।

# मतदाता सूची वडामै सार्वजनिक

**टुडे समाचारदाता**

जलेश्वर । जिल्ला निर्वाचन कार्यालयले हटाइएका मतदाताको सूची सार्वजनिक गरिएको छ । निर्वाचन कार्यालय र सम्बन्धित स्थानीय तहका वडा कार्यालयमा सार्वजनिक गरिएको जनाइएको छ।

सबै स्थानीय तहलाई आ-आफ्ना वडा कार्यालयमा सूचना प्रकाशन गरी त्यसबारे जिल्ला निर्वाचन कार्यालयलाई समेत जानकारी गराउन आग्रह गरिएको छ।

मतदाता नामावलीबाट नाम हटाइएको विषयमा कुनै तथ्यगत त्रुटि भएमा वा नाम कायम राख्नुपर्ने पर्याप्त आधार तथा प्रमाण भएमा सम्बन्धित मतदाता वा निजको एकाघरका सदस्यले आवश्यक कागजातसहित जिल्ला निर्वाचन कार्यालय महोत्तरीमा यथाशीघ्र सम्पर्क गर्न सक्ने सूचनामा उल्लेख छ।

कार्यालयले मतदाता नामावलीमा नाम हटाउने कार्यसम्बन्धी कुनै त्रुटि भएमा आवश्यक प्रमाणका आधारमा सम्पर्क गर्न सम्बन्धित सबैलाई अनुरोध गरेको छ।

**जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.**द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, **जि.प्र.का.ध.द.नं.** ९१/०५७/५८